- मदिरा तथा सुर्तीजन्य पदार्थ स्वास्थ्यका लागि हानिकारक छन्।
- यस्ता वस्तुको उपभोग नगरौं/नगराऔं ।
- मदिरा तथा सुर्तीजन्य पदार्थको विज्ञापन गर्न नपाइने कानूनी व्यवस्था छ ।
- कानूनको पूर्णरूपमा पालना गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

PRATEEK DAILY

# प्रतीक दैनिक

राष्ट्रिय 'क' वर्ग

eprateekdaily.com



निश्शुल्क प्रतीक दैनिक पढ्न चाहनुहुन्छ भने लग अन गर्नुहोस् ।
eprateekdaily.com

❖ वर्ष ३६ ❖ २०८० वैशाख ०१ गते शुक्रवार // मृत भस्म नबन्दैमा झिल्को भैकन बल्नुछ // 2023 April 14 Friday ❖ मूल्य ५/- ❖ पृष्ठ सङ्ख्या ६ ❖ अङ्क २२४

## वैशाख १ गते अद्भुत सलेस फूलबारी मेला

# साढे सात सय वर्षपछि पहिलोपटक चैतमा सलेस फुल्यो

नितेश कर्ण, वीरगंज, ३० चैत/

पूर्व-पश्चिम राजमार्गको सिराहाको लहान नगरपालिकाभित्र पर्ने फूलबारीधाम स्थानीय भोटिया टोल चोकदेखि दक्षिणमा अवस्थित छ ।

धार्मिक तथा पराक्रमी राजा सल्हेशको पौराणिककालसँग जोडिएका सिराहामा रहेका धार्मिकस्थलहरू सलेस मन्दिर, लहान नगरपालिका-१८ स्थित पकडियागढ, २० नं वडास्थित ब्राह्मण गोर्छारी, २४ नं वडास्थित मानिक दह, लक्ष्मीपुरपतारी गाउँपालिकाको पतारी पोखरीमा राजा सल्हेशको नामले विशेष मेला लाग्ने धार्मिकस्थलहरू मानिन्छन् ।

स्थानीय सिस्वनी गाउँमा रहेको धार्मिक तथा ऐतिहासिक सलेस फूलबारीमा वैशाख १ गते ठूलो मेला लाग्ने गर्दछ ।

मेला भर्नका लागि सिराहा, सप्तरी, उदयपुर, धनुषा, सिन्धुलीलगायत छिमेकी राष्ट्र भारतबाट भक्तजनहरू आउँछन् ।

करीब १२ बिघा क्षेत्रफलमा फैलिएको फूलबारी दुसाध जातिका इष्टदेवता राजा सल्हेशको फूलबारीको रूपमा प्रसिद्ध छ।

फूलबारीको मध्यभागमा रहेको हराम जातको रूखको हाँगामा प्रत्येक वैशाख १ गते बिहानै एक दिनका लागि माला आकारको सेतो फूल फुल्ने गर्छ। दिनभरि देखिने फूल साँझ भने बिस्तारै हराएर जान्छ ।

सलहेश गाथामा वर्णन गरिए अनुसार राजा सलहेशले एकै दिनमा मानिकदहमा स्नान, फूलबारीमा फूल टिप्ने, सिलहट



हराम जातको रूखको हाँगामा फुलेको फूल । तस्वीरः प्रतीक

अखाडामा कुश्ती खेल्ने तथा कुलदेवीको पूजा गरी कञ्चनगढमा जनताको पीरमर्का सुन्ने गर्थे ।

१४औं शताब्दीका राजा सलहेशको विसं १३२५ मा उनकी प्रियसी मालिनीसँग बिहे भएपछि सलेस फूलबारीको नामले प्रसिद्धि कमाएको कथन छ ।

वैशाख १ गते सलहेशको मन्दिरमा भाकल गरे मनोकामना पूरा हुने विश्वास गरिन्छ । यसैगरी, सन्तानप्राप्ति, दीर्घरोगीहरूको सुस्वास्थ्य र मनोकामना पूरा गर्न सलहेशको पूजा गरिन्छ । यो वर्ष सलेसको फूल पहिलोचोटि चैत महीनामा फुलेको छ । भाकल पूरा भएपछि सलेसलाई पाठीको बलि दिने, कागजको छाता, भन्टाको भारी चढाउने परम्परा छ ।

फूलबारीको मध्यभागमा रहेको हरामको रूखनजीकै राजा सलहेश तथा प्रेमी मालिनीको गहबर छ ।

प्रत्येक वैशाख १ गते श्रद्धाभक्ति भावले यस ठाउँमा पूजापाठ गर्दा सन्तान प्राप्त हुने र परिवारमा सुखशान्ति हुने धार्मिक विश्वास रहेको पाइन्छ ।

## कानूनबारे न्यायाधीशहरू पनि

# अद्यावधिक हुन जरुरी -न्यायाधीश बानियाँ

प्रस, रौतहट, ३० चैत/

रौतहट जिल्ला अदालतका न्यायाधीश



कार्यक्रममा मन्तव्य व्यक्त गर्दै न्यायाधीश बानियाँ । तस्वीरः प्रतीक

बाबूकाजी बानियाँले नयाँ वर्षबाट बार-बेन्चको सम्बन्ध राम्रो, समृद्ध र अनुशासित बन्ने विश्वास व्यक्त गरेका छन् ।

नेपाल बार एशोसिएशनद्वारा गौरमा आयोजित कार्यक्रममा शुभकामना दिँदै विश्वभन्दा फरक शैलीमा हाम्रो यहाँ नयाँ वर्ष मनाउने चलन रहेको जिकिर गरे ।

विविधताले भरिएको देश नेपालमा हरेक जाति, धर्म अनुसार नयाँ वर्ष मनाइन्छ ।

नयाँ वर्षमा जुन जुन खराब काम छ, ती सबै छाडेर नयाँ कामको थालनी होस् भनी शुभकामना व्यक्त गरे । सीमान्तकृत वर्गको न्यायमा पहुँच पुग्न नसकेको र चेतना अभावमा यो समुदायका २० प्रतिशतको पनि न्यायमा पहुँच नपुगेको उनले बताए ।

न्यायाधीश बानियाँले देवानी फौजदारी कानून आए पनि कार्यान्वयनमा समस्या भएको बताए। उनले न्यायाधीश भएपछि कानून पढ्न अल्छी मान्छन् । कानून पढ्ने काम अब कानून व्यवसायीको मात्र हुन गएको छ, जबकि कानूनबारेमा न्यायाधीशहरू पनि अद्यावधिक हुन जरुरी रहेको उनले बताए ।


कानून व्यवसायीलाई कोट अफिसरको संज्ञा दिँदै न्यायाधीश बानियाँले कानून व्यवसायीले बताएपछि न्यायाधीशहरूले कार्यान्वयन गर्ने परिपाटी परिवर्तन हुन जरुरी भएको बताए ।

नेपाल बार एशोसिएशन रौतहटका अध्यक्ष नन्दकिशोर साहको अध्यक्षतामा सम्पन्न कार्यक्रममा जिल्ला न्यायाधिवक्ता उदयचन्द्र अधिकारीले बार र अदालतको सम्बन्ध राम्रो रहेको बताए ।

# विन्ध्यवासिनी गापाका वडाध्यक्षले नै सूचना पाएनन्

प्रस, वीरगंज, ३० चैत/

विन्ध्यवासिनी गाउँपालिकाको कार्यालयले वडाध्यक्षलाई सूचना उपलब्ध नगराएपछि विवाद शुरू भएको छ ।




गापा-२ का अध्यक्ष मुक्तिनाथप्रसाद कुर्मीले चालू आवको विशेष गाउँसभामा भएको निर्णय माग गरेका र प्रमुख कार्यकारी अधिकृत राजु साहले सूचना नदिएको आरोप लगाएका छन् । उनले विशेष गाउँसभा भए नभएको र भएको छ भने त्यसले गरेको निर्णय माग गरेका थिए ।

वडाध्यक्ष कुर्मीले लेटरपैडबाट लिखितरूपमा सूचना माग गरेको तर नदिएको गुनासो गरे ।

गापाध्यक्ष प्रमोद तिवारीले फोन नउठाउने, भेटेर सम्पर्क गर्दा आलटाल गर्दै आएका र सूचना माग गरेको १५ दिन बितिसक्दा पनि जिम्मेवार कर्मचारी नआएको बहानाबाजी गरी सूचना नदिएको आरोप लगाएका छन् । यही चैत ८ गते विशेषसभा डाकिएको दिन गाउँमा जलयात्रा रहेको र सबै जनप्रतिनिधिहरू जलयात्रामा सहभागी भएकाले भोलिपल्ट विशेष गाउँसभा गर्ने मौखिक सहमति भएको उनले बताए । उनले भोलिपल्टको विशेषसभाबारे आफूसहित चारजना वडाध्यक्षलाई खबर नगरिएको र बाँकी सदस्यहरूसँग घरघरमा माइन्युट बूक घुमाएर हस्ताक्षर गराएको आरोप लगाएका छन् । उनले विशेष गाउँसभाबाट यसअघि भएका अनियमितता ढाकछोप हुने खालका निर्णय गरिएको र यसअघि विनियोजित योजनाका रकमहरू आफूखुशी रकमान्तर गरिएको थाहा पाएर सूचना मागेको तर उपलब्ध नगराइएको गुनासो गरे ।

वडाध्यक्ष कुर्मीले सूचनाको लागि दिएको निवेदनमा प्रमुख प्रशासकीय अधिकृत साहले गाउँसभा कार्यविधि २०७५ को नियम २१ (२) बमोजिम दिन नमिल्ने तोक लगाएको बताएका छन् । कार्यविधिमा गाउँसभाको निर्णय अध्यक्षको आदेशविना दिन नमिल्ने व्यवस्था रहेको कर्मचारी स्रोतले जानकारी गराएको छ । यसअघिका जनप्रतिनिधिहरूले कार्यविधि बनाएर यस्तो व्यवस्था गरिएको एकजना कर्मचारीले बताए ।

संविधानको मौलिक हक अन्तर्गत धारा २७ अनुसार तथा सूचनाको हकसम्बन्धी ऐन २०६४ दफा ३ ले सार्वजनिक सरोकार र नागरिकलाई सूचनाको हकको अधिकार दिएको छ। तर गापाले बनाएको कार्यविधि संविधानविपरीत रहेको वडाध्यक्ष कुर्मीको गुनासो छ। उनले गापाको कार्यविधि र सूचना नदिने प्रवृत्तिविरुद्ध आफू अदालत जाने चेतावनी दिएका छन् ।

# विवादले वडाको विकास प्रभावित

प्रस, वीरगंज, ३० चैत/

वीरगंज महानगरपालिका-१ मा जनप्रतिनिधिहरूबीच विवादका कारण विकास निर्माणका काम प्रभावित भएको छ ।

वडाको नेतृत्वमा आएका जनप्रतिनिधिहरूको अवधि ११ महिना बित्न लागेको छ तर यो अवधिमा एक रुपैयाँ पनि विकास निर्माणमा खर्च हुन सकेको छैन ।

सडक, नाला, स्वास्थ्य चौकी, विद्यालय आदि निर्माणका लागि वडाबाट पारित योजना तर्जुमाका लागि आएको रकम विवादका कारण खर्च हुन सकेको छैन। वडाध्यक्ष मनोज राउत कुर्मी वडा कार्यालयमा महीनौंसम्म बेपत्ता हुने गरेका र उनले एकजना दलित महिला सदस्यलाई बारम्बार कार्यवाहक बनाउँदै आएका कारण पनि समस्या भएको पूर्ववडाध्यक्ष मनोज गुप्ताले आरोप लगाए ।

सडक, नाला निर्माण र मर्मतका लागि वडा कार्यालयमा दर्जनौं निवेदन दर्ता रहेका तर एउटै पनि कार्यान्वयन नभएको उनको आरोप छ । वडा कार्यालयमा जानेहरू वडाध्यक्षको अनुपस्थिति पाउने र फोन गर्दा फोनसमेत नउठाउने गरेको उनले बताए ।

वडाध्यक्ष कुर्मीले भने वडा सदस्यहरूले बजेट रोक्का गराएको बताए। उनले विभिन्न शीर्षकमा बजेट माग गरिएको तर वडा सदस्यहरूले बजेट रोक्का गराएका कारण काम गर्न नसकेको बताए। उनले वडासदस्यहरूले आफूलाई असफल बनाउन खोजेको दोषारोपण गरे ।

# सिमरा विमानस्थलबाट फागुन मसान्तसम्म ९१ हजार ९३३ जनाले यात्रा गरे

प्रस, जीतपुर, ३० चैत/

सिमरा विमानस्थल कार्यालय,




तस्वीरः प्रतीक

बाराका प्रमुख सूर्यबहादुर खत्रीले आव २०७९/८० साउनदेखि फागुनसम्म आठ महीनामा ९१ हजार ९३३ जनाले काठमाडौं-सिमरा यात्रा गरेको बताए ।

उनले सोही अवधिमा ८० हजार १६३ जनाले सिमरा-काठमाडौं विमानसेवाबाट यात्रा गरेको बताए। प्रमुख खत्रीले सिमरा विमानस्थलमा थप सेवा, सुविधासहित रात्रि विमानसेवा सञ्चालन भएको बताए।

जीतपुरसिमरा नगर उद्योग वाणिज्य सङ्घका प्रथम अध्यक्ष घनश्याम गिरीले सिमरा विमानस्थलको सेवाका कारण तराई-मधेसका यात्रीले एकै दिनमा वीरगंजबाट काठमाडौं पुगेर आफ्नो काम सम्पन्न गरी फर्कन सक्ने अवस्था आएको बताए ।

तत्कालीन जीतपुरसिमरा पञ्चायतका प्रधानपञ्च मुकुन्दबहादुर क्षत्रीले नेपालमा पहिलोपटक विमान अवतरण सिमरामा भएको बताउँदै सिमरा विमानस्थल बन्दा स्थानीयवासीले राहत महसूस गरेको बताए । सिमरा विमानस्थलका संधियारसमेत रहेका क्षत्रीले सिमरा विमानस्थलको स्तरोन्नति गर्नुपर्ने बताए ।

नववर्ष २०८० को अवसरमा सम्पूर्ण पाठकवर्ग, विज्ञापनदाता, संवाददाता, स्तम्भकार, वितरक, शुभेच्छुकहरुमा हार्दिक मङ्गलमय शुभकामना ।
***हाम्रो भेट वैशाख ३ गते आइतवार हुनेछ ।***
प्रतीक दैनिक परिवार

## विचारसार र सूक्तिहरू

**हे ईश्वर ! दुःख र सन्तापले मेरो चित्त व्यथित हुँदा, तिम्रो सान्त्वना होइन, म चाहन्छु मलाई आफ्नो दुःख र सन्तापमाथि विजय प्राप्त गर्ने शक्ति देऊ ।**


प्रकाशक : प्रतीक प्रकाशन समूह प्रा. लि. , वीरगंज-११
प्रधान सम्पादक : जगदीशप्रसाद शर्मा
व्यवस्थापक/सम्पादक : विकाश शर्मा
सम्पादक : शत्रुघ्न नेपाल/ खड्गबहादुर श्रेष्ठ (प्रताप)
समाचार सम्पादक : आर. के. पटेल
बारा विशेष प्रतिनिधि : गम्भीरा सहनी
मुद्रक: प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति सिनेमा हल रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५
email: prateekdaily@gmail.com
Website: eprateekdaily.com


# गणपूरक नै पुग्दैन

**प्रतिनिधिसभाको बैठकमा गणपूरक सङ्ख्या नपुग्ने समस्या बारम्बार दोहोरिरहेको छ । कुनै बेला एक/दुई जना बढी उपस्थित भएर गणपूरक पुग्ने त कुनै बेला गणपूरक सङ्ख्या नै नपुग्ने गरेका घटना धेरै छन् । कतिपय सांसदहरू संसद्मा उपस्थिति नरहने र कतिपय सांसदहरू हाजिरी गरेर टाप ठोक्ने गरेका छन् । यसैले पनि गणपूरक सङ्ख्या पुग्न समस्या आएको हो । बितेको बुधवार प्रतिनिधिसभामा सुरक्षण मुद्रण प्रस्ताव प्रस्तुत गर्नुपर्नेमा गणपूरक सङ्ख्याको अभावका कारण प्रस्ताव प्रस्तुत हुन सकेन । उक्त प्रस्ताव निर्णयार्थ संसद्मा प्रस्तुत गर्नुपर्नेमा सोअघि नेकपा एमालेका प्रमुख सचेतक महेश बर्तौलाले गणपूरक सङ्ख्या यकीन गर्न सभामुखसमक्ष माग गरेका थिए । बैठकमा कुनै पनि प्रस्ताव दर्ता गर्न वा निणयार्थ प्रस्तुत गर्दा कुल सांसद सङ्ख्याको कम्तीमा एक चौथाइ अर्थात् ६९ जना सांसद उपस्थित भएको हुनुपर्छ । यसअघि पनि पटकपटक यस्तो हुँदै आएको छ । एक घण्टाको बैठक अवधिमा तीनपटकसम्म गणपूरक सङ्ख्या यकीन गर्न माग भएकामा दुईपटकसम्म गणपूरक सङ्ख्या नै नपुगेका र केही सांसदलाई सम्बन्धित दलले फोन गरी बोलाएर जेनतेन सङ्ख्या पुऱ्याएका घटनाहरू पनि छन् ।**

**एकै दिन दुई वा दुईभन्दा बढी प्रस्तावहरू सदनमा प्रस्तुत गर्ने कार्यतालिका रहँदा कतिपय सांसदले पहिलो विधेयकमा सहभागिता जनाएर गणपूरक सङ्ख्या पुऱ्याइदिने र दोस्रो प्रस्तावको बेला बैठक छाडेर गणपूरक सङ्ख्या नपुऱ्याउने गरेका पनि पाइयो । त्यसैगरी, बैठक शुरू हुने बेला १९० जनासम्म सांसद उपस्थित भएको दिन विधेयक प्रस्तुत गर्ने बेला ६९ जना नपुगेको देखियो । यसो हुँदा संसद्को अगाडिको कार्यतालिका अवरुद्ध हुने र बैठक नै स्थगित हुने गरेका छन् । माओवादीका अध्यक्ष प्रचण्ड नेतृत्वको सरकारको दुवै खाले गठबन्धनमा पनि पुरानै समस्या दोहोरिरहेको छ । हिजो एमालेलगायत सत्तामा, काङ्ग्रेसलगायतका दल प्रतिपक्षमा हुँदा पनि यो समस्या थियो, आज एमालेलगायत प्रतिपक्षमा र नेकालगायत सत्तापक्षमा हुँदा त्यही समस्या छ । एउटा विधेयकमा चारपटकसम्म गणपूरक सङ्ख्या नपुगेको इतिहाससमेत हाम्रा सांसदहरूले रचिसकेका छन् । संसद्मा हाजिरी गर्ने तर अन्तिमसम्म नबस्दा भत्ता पचाउने र दिन कटाउने मात्र काम भइरहेको छ ।**

**प्रस्तावहरू निर्णयार्थ प्रस्तुत हुँदा अनिवार्यरूपमा उपस्थित भइदिन र हाजिर भएपछि संसद् अवधिभर बसिदिन राजनीतिक दलहरूले आफ्ना सांसद सदस्यहरूलाई आग्रह गरिरहेका छन् । संसद्मा अनुपस्थित हुने सांसद सदस्यहरू जनताकै कामका लागि आफू बैठकमा उपस्थित हुन नसकेको दाबी गर्छन् । कतिपय सांसदहरू जिल्लामा काम छ भनेर निस्किदिन्छन् । त्यो अवस्थामा उसको पार्टीले पनि केही गर्न सक्दैन । संसद्मा सरकारले पेश गरेको प्रस्ताव पारित गराउने दायित्व सत्तारूढ दलको हुन्छ तर सत्तापक्षीय गठबन्धनको दुई तिहाइ सांसद सङ्ख्या हुँदा पनि गणपूरक सङ्ख्या नपुगेर संसद् स्थगित भएको लज्जास्पद खबरहरू आइरहेका छन् । संसद्मा सरकारका प्रस्तावमा प्रश्न उठाउनुपर्ने प्रतिपक्षकै पनि सहभागिता उत्साहजनक छैन । प्रतिनिधिसभामा र राष्ट्रियसभाका जनप्रतिनिधिका निम्ति संसद् बसेको दिनको भत्ता, यातायात, आवास भत्ता र कर्मचारीलगायत अन्य प्रशासनिक खर्चबाहेक नै दैनिक आठ लाख रुपैयाँभन्दा बढी खर्च हुने गरेको छ । सांसदहरूले जिम्मेवारी अनुसार काम नगर्दा राज्यको लगानी खेर गइरहेको छ ।**

# नेपाल र भारत सम्बन्धमा देखिएका असझदारीका कारण

स्वतन्त्र विचार



श्रीमन्नारायण
an_shriman@yahoo.com

**सन् १९५० को नेपाल–भारतबीचको शान्ति एवं मैत्री सन्धिका सकारात्मक पक्षबारे पनि चर्चा हुनु आवश्यक छ । यसबाट भारतमा रहँदै आएका नेपालीहरूले प्राप्त गरिरहेका सुविधा र अवसरका बारेमा पनि चर्चा हुनुपर्छ ।**

नेपाल र भारतबीच परम्परागत बहुआयामिक सम्बन्ध रहिआएको छ । यी दुवै देशबीच कूटनीतिक सम्बन्ध कायम भएको सात दशकभन्दा पनि लामो भइसकेको छ तर यस लामो अवधिको सदुपयोग जनताको हितमा गर्न सकिएन । जबकि यस अवधिमा त संसारका धेरै देश विकसित पनि भइसके । भारतसित नेपालको सम्बन्ध कहिल्यै खराब भएन तर धेरै राम्रो पनि रहेन । आखिर नेपाल र भारतबीचको सम्बन्ध जनस्तरमा प्रगाढ रहे पनि निर्णायकस्तरमा त्यति प्रभावकारी र प्रगाढ किन हुन सकेन ? यसको समीक्षा आवश्यक छ ।

नेपालको विगत ७२ वर्षको राजनीतिक इतिहासलाई नियालेर हेर्ने हो भने यहाँका कुनै पनि शासकको पालामा भारतसितको सम्बन्ध त्यति बढी प्रगाढ रहेको पाइएन । जबकि नेपालको प्रत्येक राजनीतिक परिवर्तनमा र नेपालको समग्र विकासमा भारतको महत्त्वपूर्ण योगदान रहिआएको छ । राजनीतिक सङ्कट आइपरेको बेलामा भारतसित सहयोगको अपेक्षा राख्ने तर सत्तामा आएपछि भारतको नाम पनि सुन्न नचाहने नेपालका कतिपय राजनीतिक दलहरूको चरित्रका कारण पनि दुई देशबीचको सम्बन्धमा समस्या आउने गरेको पाइन्छ । शासनसत्तामा हुँदासम्म आफ्नो दलको सङ्ख्या बल र आफ्नो क्षमताबाट सरकारमा आएको र सरकारबाट हट्न लाग्दा भारतकै कारण आफू सत्ताच्युत भएको आरोप लगाउनमा नेपालका कुनै पनि राजनीतिक दलहरूले कन्जुस्याइँ गर्दैनन् । नेपालका प्रमुख राजनीतिक दलहरूको भारतका प्रमुख राजनीतिक दलहरूसित सुमधुर सम्बन्ध रहेको इतिहास छैन । जबकि नेपालका वामपन्थीहरूको उत्तरी छिमेकी चीनको कम्युनिस्ट पार्टीसित दशकौं लामो घनिष्ठ सम्बन्ध रहिआएको छ । नेपालका लोकतन्त्रवादीहरू भारतसितको आफ्नो सम्बन्धबारे बताउन लाज पनि मान्छन् । नेपालका प्रमुख स्थापित राजनीतिक दलहरूले भारतको प्रमुख राजनीतिक दलहरूसित सुमधुर सम्बन्ध कायम राखेमा मात्रै नेपालमा भारतबारे उत्पन्न भ्रमको स्थितिको अन्त्य हुन सक्नेछ । भारतका प्रमुख राजनीतिक दलले पनि नेपालका प्रमुख राजनीतिक दलहरूसित मित्रवत् सम्बन्ध बनाउने दिशामा सोचविचार गर्नुपर्छ ।

नेपालको विगत सात दशक लामो राजनीतिक इतिहासलाई नियालेर हेर्ने हो भने यहाँ मुख्यतः राजसंस्था, नेपाली काङ्ग्रेस, वामपन्थी दल र केही अर्थमा मधेसी दलहरू चर्चामा आइरहने शक्ति हुन् । राजसंस्थाको अब सान्दर्भिकता रहेन तर पञ्चायतको ३० वर्षमा यसले भारतलाई पनि अन्य मित्रराष्ट्रहरू सरहको नै ठान्ने काम गऱ्यो । समय–समयमा भारतलाई जिस्क्याउने काम पनि भइरह्यो । भारत–चीन तिक्ततापूर्ण सम्बन्ध रहेकै बखत पाकिस्तानका सैनिक राष्ट्रपति याहया खानलाई राजदरबारमा आवास राखी आतिथ्य प्रदान गर्ने काम भयो । पञ्चायती शासनमा किम इल सुङको "रातो किताब" हुलाक कार्यालयमार्फत गाउँ–गाउँका कार्यालय, विद्यालय र पुस्तकालयमा पठाइन्थ्यो । कम्युनिस्ट पार्टीलाई अप्रत्यक्षरूपमा बढावा दिने काम भयो । नेपालका लोकतन्त्रवादीहरू जसलाई पञ्चायतले अराष्ट्रिय तत्त्व घोषित गरेको थियो तर भारतले राजनीतिक संरक्षण दिएकै कारण भारतलाई नेपालको विरोधी कित्तामा उभ्याइएको थियो । सम्भवतः भारतले नेपालका राजनीतिज्ञहरूलाई आफ्नो देशमा शरण नदिएको भए यहाँ कुनै राजनीतिक परिवर्तन सम्भव नै हुने थिएन । राजतन्त्र र पञ्चायतले भारतसितको सम्बन्धलाई कमजोर बनाउन हरसम्भव प्रयास गऱ्यो । भारत र भारतसित सम्बन्धितलाई नेपालको हितविपरीत घोषित गरियो । यो बेग्लै कुरा हो कि राजतन्त्रको अन्त्यपछि भारतसित राम्रो सम्बन्ध बनाउने पहल अब राजा ज्ञानेन्द्रबाट पनि हुन थालेको छ तर भुटिसकेको चना पुनः नउम्रिए जस्तै नेपालमा अब राजतन्त्र फर्किने सम्भावना रहेन । विश्वको एकमात्र हिन्दू राष्ट्रको पहिचान बोकेको नेपाल अब धर्मनिरपेक्ष भइसकेको छ । विसं २०५८ सालको जेठमा राजदरबार हत्याकाण्ड हुँदा भारत सरकारको विज्ञप्तिले नेपालमा हत्या–हिंसाको अवस्था सिर्जना हुन दिएको थिएन । अन्यथा दुःखी र आक्रोशित जनता सडकमा आएर ठूलो प्रदर्शन गर्न सक्थ्यो । आक्रोशित जनतालाई नियन्त्रण गर्न सरकारलाई पनि सहज हुने थिएन ।

नेपालका वामपन्थीहरू स्वाभाविकरूपमा नै सोभियत सङ्घ र चीनका समर्थक हुने भए । सोभियत सङ्घको विघटनपश्चात् तिनको वैचारिक आस्थाको एकमात्र केन्द्र चीन रहन गयो । विसं २००७ सालको फागुनमा राणा, राजा र काङ्ग्रेसबीच नयाँ दिल्लीमा भएको त्रिपक्षीय सम्झौतामा नेपालका कम्युनिस्ट पार्टीलाई नबोलाइएको आक्रोश नेपालका कम्युनिस्टहरूमा लामो समयसम्म रहिरह्यो । भारतको पश्चिम बङ्गालको नक्सलबाडी क्षेत्रमा चारू मजुमदार, कानु सान्याल, विनोद मिश्र र दीपाङ्कर भट्टाचार्यहरूसित मिलेर नेपालका युवाहरूले पनि नक्सलाइट आन्दोलन झापा, मोरङतिर चलाएका थिए । नेकपा एमालेका नेताहरूसित विनोद मिश्रको राम्रो सम्बन्ध पनि थियो तर भारतीय राजनीतिमा नेकपा मालेको प्रभाव सङ्कुचित हुँदै गएपछि नेकपा एमालेका नेताहरूले भारतका वामपन्थीहरूसित सम्बन्ध कायम राखिरहनु आवश्यक ठानेनन् । भारतीय कम्युनिस्ट पार्टी र मार्क्सवादी कम्युनिस्ट पार्टीको प्रभाव पनि त्यहाँ सङ्कुचित भएपछि नेपालका कम्युनिस्ट पार्टीहरूको भारतसितको सम्बन्धमा कमी आएको हो । भारतीय राष्ट्रिय काङ्ग्रेस र भारतीय जनता पार्टीसित यसले कहिल्यै राम्रो सम्बन्ध बनाउने प्रयास नै गरेन ।

नेपाली काङ्ग्रेस देशको सबैभन्दा पुरानो र ठूलो दल हो । भारतका समाजवादी नेता र दलहरूसित यसको राम्रो सम्बन्ध रहिआएको छ । डा राममनोहर लोहिया, जयप्रकाश नारायण, आचार्य नरेन्द्रदेव, मधु लिमये जस्ता भारतका प्रसिद्ध समाजवादी नेताहरूसित यस पार्टीको राम्रो सम्बन्ध रहिआएको हो तर अब त बिहार र उत्तर प्रदेशमा पनि समाजवादी पार्टीको लोकप्रियता र जनाधारमा ह्रास आउँदै गएको छ । नामको निम्ति आफूलाई समाजवादी भने पनि यथार्थमा बिहार र उत्तर प्रदेशका समाजवादीहरू अब जातिवादी भइसकेका छन् । नेपाली काङ्ग्रेसका नेताहरू दशकौंसम्म भारतीय भूमिमा राजनीतिक निर्वासनमा रहे पनि भारतको जनसङ्घ (भाजपा) र भारतीय राष्ट्रिय काङ्ग्रेससित राम्रो सम्बन्ध कायम गर्न सकेनन् ।

नेपाली काङ्ग्रेसका नेताहरू भारतीय भूमिमा निर्वासनमा हुँदा पनि त्यहाँका समाजवादी नेताहरूकै सङ्गत र सम्पर्कमा थिए । सन् १९७५ मा तत्कालीन भारतीय प्रधानमन्त्री इन्दिरा गाँधीले देशमा सङ्कटकाल लागू गर्दा नेपाली काङ्ग्रेसका नेताहरू अप्रत्यक्षरूपमा आन्दोलनरत भारतीय नेताहरूकै पक्षमा उभिएका थिए । वाराणसीस्थित नेपाली काङ्ग्रेसको अघोषित कार्यालयमार्फत इन्दिराविरोधी आन्दोलनलाई ऊर्जा प्रदान गर्ने काम भइरहेको कुरा सार्वजनिक भएपछि भारतमा रहेका नेपाली काङ्ग्रेसका नेताहरू पनि पक्राउ पर्ने सम्भावना बढ्दै गयो । नेपालबाट गिरफ्तारीको डरले भारत पुगेका नेपालका आन्दोलनकारीहरू भारतमा पनि पक्राउ पर्ने सम्भावना बढेपछि स्व बिपी कोइरालाले राष्ट्रिय मेलमिलापको नीति अघि सारी राजा वीरेन्द्रसित सम्बन्ध बनाउने प्रयास गरे तर राजसंस्थाले काङ्ग्रेसमाथि विश्वास नगर्ने जुन नीति लिएको थियो, त्यसको प्रभाव यहाँ पनि देखा पऱ्यो ।

भारतमा सन् १९७७ मा इन्दिराविरोधी सरकार अस्तित्वमा आएको थियो । सोही समयमा पाकिस्तानी प्रधानमन्त्री जुल्फिकार अलि भुट्टोलाई गिरफ्तार गरी फाँसी दिइएको कारण उब्जिएको आन्दोलनको दबाबमा नेपालमा जनमत सङ्ग्रहको घोषणा भयो । तर मतपरिणाम पञ्चायतकै पक्षमा आयो बिस्तार–बिस्तारै कतिपय काङ्ग्रेसी र कम्युनिस्टहरू पनि पञ्चायतमा चुनावमा लड्न थाले ।

नेपालमा प्रजातन्त्रको पुनर्स्थापना भएपछिका ३३ वर्षमा नेपाली काङ्ग्रेस र कम्युनिस्ट पार्टीका नेताहरू नै बढी समयसम्म सरकारको नेतृत्व गरे तर दक्षिणी छिमेकीसित विश्वासमा आधारित सम्बन्ध बनाउने काम गरेनन् । भारतका प्रमुख राजनीतिक दलहरू भारतीय जनता पार्टी र भारतीय राष्ट्रिय काङ्ग्रेससित नेपालका नेताहरूको खासै राम्रो सम्बन्ध छैन । राम्रो सम्बन्ध बनाउने प्रयास पनि गरेनन् । विगत तीन दशकमा नेपालका राजनीतिक दल र तिनका नेताहरूको अर्जुनदृष्टि केवल प्रधानमन्त्री, मन्त्री, सांसद तथा सरकारमा जसरी भएपनि सहभागी भइरहनेतिर मात्रै केन्द्रित देखियो । पार्टीको सङ्गठन तथा अन्तर्राष्ट्रिय एवं बाह्य सम्बन्धको विस्तारका दिशामा प्रयास गर्नु आवश्यक नै ठानेनन् । भारतको आलोचना गरेर मात्रै नेपालमा लोकप्रिय भइन्छ र चुनाव जित्न सकिन्छ भन्ने धारणा विकसित भइसकेको छ । चिनियाँ कम्युनिस्ट पार्टीद्वारा आयोजना हुने प्रशिक्षण कार्यक्रममा नेपालका वामपन्थी नेताहरू सहभागी पनि भएका हुन्छन् तर भारतका राजनीतिक दलहरूसित त्यस्तो सम्बन्ध रहेको छैन । हालका दिनमा नेपाली काङ्ग्रेसले यस दिशामा पहल शुरू गरेको छ र यसको सकारात्मक परिणाम पनि ढिलोचाँडो आउनेछ । नेपाली काङ्ग्रेस र नेपालका अधिकांश पुराना वामपन्थी दलहरूको स्थापना नै भारतीय भूमिमा भएको हो । मधेसी दलहरूले सांस्कृतिक, धार्मिक र वैवाहिक सम्बन्धका कारण भारतसित राम्रो सम्बन्ध कायम राखेका छन् । उनीहरूलाई यो आवश्यक पनि छ तर मधेसी दलहरूको तुलनामा नेपालका ठूला दलहरू नै भारतबाट बढी लाभान्वित भएका छन् । भारतले पनि नेपालका प्रमुख राजनीतिक दलहरूसित सुमधुर सम्बन्ध कायम राख्न थप पहलहरू गर्दै रहनुपर्दछ । आखिर भारतसित ऊर्जा सम्झौता गरेर नेपालले दैनिकरूपमा करोडौं रुपैयाँ आर्जन गरिरहेको छ । भारतसितको सुमधुर सम्बन्धले हामीलाई फाइदा नै पुऱ्याउनेछ ।

नेपालमा जब–जब कम्युनिस्ट पार्टीको नेतृत्वमा सरकार अस्तित्वमा आउँछ, अनि भारत र चीनसित सन्तुलित एवं समदूरीको सम्बन्ध कायम गर्ने घोषणा गरिन्छ । जबकि यथार्थमा त्यो दक्षिण छिमेकीको विरोधमा र उत्तरी छिमेकीप्रति बढी सदाशयतायुक्त हुने गर्दछ । जबकि विश्वका शक्तिराष्ट्र अमेरिकाले पनि भारत–चीन, जापान–चीन, भारत–पाकिस्तान, इजरायल–प्यालेस्टाइन र उत्तर कोरिया–दक्षिण कोरियाबीच सन्तुलित र समदूरीको सम्बन्ध बनाउन सकेको छैन । भारतका प्रधानमन्त्री नरेन्द्र मोदी पहिलोपटक नेपाल भ्रमणमा आउँदा संविधानसभामा दिएको सम्बोधनमा नेपाललाई नजीकभन्दा पनि साथ आउन आग्रह गरेका थिए । यसले परस्पर विश्वास र अन्तरनिर्भरतालाई बढाउँछ । हुन पनि नेपाल–भारतबीच परस्पर अन्तरनिर्भरता, विश्वास तथा पारस्परिक लाभमा आधारित सम्बन्धको विकल्प छैन । परस्पर विश्वासमा आधारित सम्बन्धले देशको भलो नै गर्नेछ । नेपालले भारतबाट तथा भारतले नेपालबाट अपेक्षा राख्नु स्वाभाविक नै हो । यसलाई हस्तक्षेपको रूपमा बुझ्नुहुँदैन ।

सन् १९५० को नेपाल–भारतबीचको शान्ति एवं मैत्री सन्धिका सकारात्मक पक्षबारे पनि चर्चा हुनु आवश्यक छ । यसबाट भारतमा रहँदै आएका नेपालीहरूले प्राप्त गरिरहेका सुविधा र अवसरका बारेमा पनि चर्चा हुनुपर्छ । अहिले नेपाल एवं भारतबीचको सन् १९५० को शान्ति एवं मैत्री सन्धिलाई समीक्षा गर्ने काम भइरहेको छ । इतिहासको समीक्षा गर्ने कामलाई गलत भन्न मिल्दैन तर आशङ्का उत्पन्न हुने बित्तिकै संवादको संस्कृति विकसित गरी यसलाई निर्मुक्त पार्ने काम गर्नुपर्छ । अनावश्यकरूपमा आशङ्का र उत्पन्न हुन थालेपछि केही नहुँदा पनि अनर्थ भइरहेको लाग्न सक्छ ।

दुई देशको सम्बन्धमा धेरै आयाम जोडिएका हुन्छन्, कुनै एउटा विषयलाई आधार बनाएर परराष्ट्र सम्बन्धको निर्धारण हुन सक्दैन । कहिलेकाहीं केही लिने र दिने पनि हुन्छ, सुन्ने–सुनाउने र बुझ्ने–बुझाउने पनि हुन्छ । राष्ट्र र जनताका हित सर्वोच्च प्राथमिकतामा हुनुपर्छ । दक्षिणी छिमेकी भारतसितको सम्बन्धलाई लेनदेनको आधारमा मात्र परिभाषित गर्न सकिंदैन । न त यसलाई राजनीतिक दलको सिद्धान्त र विचारको आधारमा नै परिभाषित गर्न सकिन्छ ।

नेपालका प्रमुख राजनीतिक दलहरूले दक्षिणी छिमेकी भारतसित राजनीतिकस्तरबाट पनि सम्बन्ध विकसित गर्न सक्नुपर्दछ । भारतको सहयोग र सदाशयता रहेमा मात्रै नेपालमा प्रधानमन्त्री र मन्त्री अवसर हासिल हुन सक्छ भन्ने मान्यता उचित होइन किनभने नेपालमा सरकारको गठन र विघटन नेपालकै सांसदहरूको मतबाट हुने हो । नेपालमा लोकतन्त्र बलियो होस्, यहाँका सबै जनता सुखी र समृद्ध होऊन् तथा आर्थिक प्रगतिको दिशामा अगाडि बढोस्, यही भारतको चाहना हो । नेपालमा केही व्यक्ति र तत्त्वहरू अवश्य पनि भारतलाई बदनाम गराउने र दुई देशबीचको सम्बन्धलाई कमजोर बनाउने प्रयास गरिरहेका छन्, यस्ता तत्त्वहरूको पहिचान आवश्यक छ ।

सामाजिक सेवामा समर्पित रिलिफ सोसाइटीको कार्यसमितिलाई चाहिने समय प्रदान गरी सामाजिक सेवामा सहभागी हुनुहोस् । रिलिफ भवन फोन: ९८४५११९४८

# अर्थ - उद्योग - वाणिज्य

## अप्राकृतिक सरकारः आर्थिक सङ्कट

अर्थविशेष



विश्वराज अधिकारी
akoutilya@gmail.com

> **ओली, देउवा, नेपाल, दाहाल, खनाल, यादव, ठाकुर, महतो आदिले सक्रिय राजनीतिबाट सन्न्यास लिन अब ढिलो गर्नुहुँदैन। अहिले तपाईंहरूले सन्न्यास लिएमा आउने पुस्ताले तपाईंहरूको सम्मानमा तपाईंहरूकै जीवनकालमा सालिक बनाउनेछन्, आदर-सम्मान गर्नेछन्। हृदयमा राख्नेछन्। त्यस्तो गर्नुभएन भने ...**

कुनै पनि राष्ट्रले तीव्र गतिमा आर्थिक विकास गर्नका लागि त्यस राष्ट्रमा स्थिर सरकार हुन आवश्यक छ । सरकार स्थिर नभएमा असल एवं प्रभावकारी आर्थिक योजना, कार्यक्रम एवं नीतिहरूले पनि काम गर्दैनन्। यो नौलो कुरा होइन।

नेपालमा स्थिर सरकार त छैन नै, अस्थिर नै भएपनि प्राकृतिक सरकार छैन। नेपालमा अहिले अप्राकृतिक सरकार छ र यो अप्राकृतिक सरकार छल-कपट, दाउपेच र जालझेलको जगमा निर्माण भएको हो । जनमतको कदरमा भएको होइन । यो नौलो कुरा हो । संसदीय व्यवस्थामा यस्तो घटना बिरलै देख्न पाइन्छ । हाम्रो दुर्भाग्य ! हामी हेर्न अभिषप्त छौं, विवश हेरिरहेका छौं ।

अब स्पष्टरूपमा कुरा गरौं । पुष्पकमल दाहाल नेतृत्वको सरकार अप्राकृतिक सरकार हो । वर्तमान संविधान, जुन नेता र दलहरूको स्वार्थका लागि निर्माण गरिएको हो, त्यस अनुसार यो सरकार वैधानिक त छ, तर यो नैतिकताको धरातलमा उभिएको छैन । दाहाल नेतृत्वको सरकारले संसदीय व्यवस्थाको नै खिल्ली उडाएको छ । संसदीय व्यवस्थामा सर्वाधिक ठूलो दलको नेतृत्वमा सरकार गठन हुन्छ । संसदीय व्यवस्थाको यो संसारभरि नै एक सर्वस्वीकार्य मान्यता हो । यो मान्यताअनुरूप सर्वाधिक ठूलो दल नेपाली काङ्ग्रेसको नेतृत्वमा सरकार गठन हुनुपर्ने थियो । तर भएन ।

जग हँसाउँदै पाँचौंपटक प्रधानमन्त्री बनेका सत्ताका चतुर खेलाडी शेरबहादुर देउवा नेतृत्वको नेपाली काङ्ग्रेसले सत्ता लेनदेनका लागि संसदीय व्यवस्थाको उपहास गर्दै संसद्मा तेस्रो ठूलो दलसँग साँठगाँठ गर्‍यो। आफ्नो (नेका) नेतृत्वमा सरकार गठन गर्नुपर्ने थियो तर भागबन्डाका लागि पुष्पकमल दाहाललाई सरकारको नेतृत्व गर्न दियो। सत्ताका लागि काङ्ग्रेसले इतिहासमा नै ठूलो भूल गर्‍यो। यो भूल सच्याउन सकिंदैन।

काङ्ग्रेसको सत्ता लोभले गर्दा अहिले उसैको बलियो समर्थनमा तेस्रो ठूलो दल माओवादी केन्द्रको नेतृत्वमा सरकार बनेको छ। पुष्पकमल दाहालको नेतृत्वमा सरकार बनेको छ। संसद्मा तेस्रो ठूलो दल भएर पनि सरकारको नेतृत्व गर्दा, प्रधानमन्त्री बन्दा, पुष्पकमल दाहाललाई लज्जाबोध हुनुपर्ने थियो । तर केको लज्जाबोध हुनु ! २०५२ सालमा दाहाल नेतृत्वको माओवादीले रक्तपातपूर्ण ढङ्गले, संसदीय व्यवस्था स्थापना गर्नका लागि होइन, अपितु एकदलीय कम्युनिस्ट व्यवस्था लागू गर्नको लागि सङ्घर्ष गरेको थियो। र अर्को कुरा, सत्ता र शक्तिको लागि जे पनि गर्न तयार हुने पुष्पकमल दाहालको लागि सानो दल भएर पनि सरकारको नेतृत्व गर्दा लज्जाबोध हुने कुरै भएन। यथार्थमा लज्जाबोध नेपाली काङ्ग्रेसलाई र यस दलको नेतृत्व गर्ने शेरबहादुर देउवालाई हुनुपर्ने हो । तर देउवा रोम जल्दा पनि बाँसुरी बजाएर बस्ने राजा निरोजस्तो भएर बसेका छन्। नेपाली काङ्ग्रेसको प्रजातान्त्रिक आदर्श, मूल्य, मान्यता, संसदीय व्यवस्थाप्रति आस्थामा दाग लाग्दा पनि देउवा (सत्ताका लागि) निरोझैं बाँसुरी बजाउनमा व्यस्त छन् । सत्ताको लागि जे पनि गर्न तयार छन्। नेपालमा प्रजातन्त्र स्थपानाको लागि नेपाली काङ्ग्रेसले गरेको गौरवमय योगदानको इतिहास जोगाउन लाग्नुको सट्टा संसदीय व्यवस्था, प्रजातन्त्र र नेपाली काङ्ग्रेसकै विरोधमा हतियार उठाउने पुष्पकमल दाहालसँग हात मिलाएर सत्ताको कुर्सीमा सदा विराजमान हुने अवसरको उपयोग गर्न देउवा व्यस्त छन्। आफूलाई सफल नेतृत्वकर्ता मानिरहेका छन् । देउवा र पुष्पकमल दाहालको सहकार्य नेपाली काङ्ग्रेसको इतिहासमा 'अति ठूलो भूल भएको' भनी चर्चित र कलङ्कित हुनेछ।

दीर्घकालमा 'देउवा नीति'ले नेपाली काङ्ग्रेसको क्षय नै गर्नेछ । नेपाली काङ्ग्रेसबाट असल व्यक्तिहरू बाहिरिनेछन्–स्वर्णिम वाग्लेझैं ।

अस्थिर सरकारभन्दा पनि अप्राकृतिक सरकार देशको आर्थिक विकासको लागि बाधक हुन्छ; घातक हुन्छ । यस कारणले गर्दा पनि नेपाली काङ्ग्रेस र एमाले मिलेर, यी दुई दलको सहभागितामा सरकार निर्माण हुनु आवश्यक थियो र छ ।

संसद्मा ठूलो दल भएकोले नेपाली काङ्ग्रेसको नेतृत्वमा सरकार निर्माण हुनु आवश्यक छ । पुष्पकमल दाहालले सरकारको नेतृत्व गर्नु नैतिकरूपले पटक्कै उचित देखिंदैन। जनताले माओवादीलाई सरकार निर्माण गर्न होइन, विपक्षमा बस्न मत दिएको हो। यो कुरा माओवादी केन्द्रका नेताहरूले बुझ्नुपर्ने थियो। नेपाली जनताले पुष्पकमल दाहाल एवं माओवादी नेतृत्वको सरकार रुचाएको छैन। किनभने सबैलाई राम्ररी थाहा छ, दाहाल नेतृत्वको सरकार, स्वार्थका लागि बनेको सरकार हो । यो सरकार देशको हितका लागि उपयुक्त छैन ।

अप्राकृतिक सरकार राष्ट्रको आर्थिक विकासको लागि हितकर नहुनुका कारणहरू के के हुन् त ?

स्थायी सरकार भनिने उच्च प्रशासनिक संयन्त्र (मन्त्रालय, विभाग, कार्यालय)हरूले अप्राकृतिक सरकारमाथि विश्वास नै गर्दैनन् । यो अप्राकृतिक सरकार कुनै पनि बेला ढल्न सक्छ। आधार कमजोर भएको संरचना जुन बेला पनि भत्किन सक्छ । मनमा यस्तो ठानेर यी संयन्त्रहरूले जिम्मेवारीपूर्वक र तदारूकताका साथ काम गर्दैनन्। उल्टो उच्च प्रशासक (मन्त्री)हरूलाई रिझाएर व्यक्तिगत फाइदा लिनतिर लाग्छन् ।

अप्राकृतिक सरकारमा रहँदा कार्यक्रम, योजना तथा नीति निर्माता (मन्त्री)हरूलाई आफू कहिलेसम्म पदमा रहन पाउने हो भन्ने टुङ्गो हुँदैन । टुङ्गो नभएको हुनाले उनीहरू राष्ट्रविकासका कार्यमा केन्द्रित हुनुको साटो सस्तो लोकप्रियता आउने काममा व्यस्त हुन पुग्छन् । उनीहरूको महत्त्वपूर्ण समय केवल उद्घाटन, भ्रमण, निरीक्षण आदिमैं व्यतीत हुन्छ । उनीहरू पदमा रहन्छन्, तलब-भत्ता पनि पाउँछन्। तर काम भने आफ्नो र दलको लोकप्रियता वृद्धि हुने मात्र गर्छन् । अर्को चुनावमा विजयी हुने वातावरण तयार पार्ने कामहरू गर्छन् ।

विदेशी लगानीकर्ता, दातृराष्ट्र, दातृ संस्थाहरूले पनि अप्राकृतिक सरकारमाथि विश्वास गर्न गाऱ्हो मान्छन्। आफूले गर्ने लगानीको भविष्य भोलिका दिनमा कस्तो हुने हो भनेर स्वदेशी एवं विदेशी लगानीकर्ताहरू झस्किन सक्छन् । यो कारणले पनि प्राकृतिक एवं स्थिर सरकार निर्माण हुन आवश्यक छ। एक इमानदार नेताको नेतृत्वमा सरकारको निर्माण हुन आवश्यक छ ।

जारी युद्ध समाप्त गर्न रूस र युक्रेनमाथि चौतर्फी दबाब परिरहेको छ। चीनले रूसको विरोध नगरे पनि यो युद्ध समाप्त होस् भनी चाहेको छ । यो युद्ध चीनको पनि आर्थिक हितमा छैन। अहिले विश्वभरि र मुख्यगरी अमेरिकामा देखिएको मुद्रास्फीति सुधारोन्मुख छ । यो वर्ष आर्थिक वृद्धिदरमा सुधार हुने सङ्केत देखिएको छ। विज्ञहरू, सन् २०२३ मा आर्थिक वृद्धिदर एक प्रतिशतको हाराहारीमा हुने भविष्यवाणी गर्दैछन् । यस्तो स्थितिमा नेपालमा स्थिर र प्राकृतिक सरकार हुन आवश्यक छ । स्थिर र प्राकृतिक सरकार भए मात्र नेपालले यस स्थितिको फाइदा उठाउन सक्छ। प्रभावकारी योजना र कार्यक्रमहरू ल्याउन सक्छ ।

एमालेका नेताहरूले केवल आफ्नो दल र आफ्नो हित मात्र नसोचेर, राष्ट्र र जनताको लागि नेकासँग सहकार्य गरेर, नेका र एमाले मिलेर सरकार निर्माण गर्न उपयुक्त मात्र होइन, आवश्यक नै देखिएको छ। दाहाल नेतृत्वको सरकारले राष्ट्रको आर्थिक हित गर्न सक्दैन ।

देश आर्थिकरूपमा निकै कमजोर भइसकेको छ । देशको स्थिति बूढो हात्तीजस्तो भएको छ, कुनै पनि बेला थचक्क बस्न सक्छ । यो कुरा सबैलाई थाहा छ । त्यस कारण एमाले र नेका यस विषयमा गम्भीर हुन आवश्यक छ। यी दुवै दलले दम्भ र स्वार्थ भुल्न आवश्यक छ। राष्ट्रको आर्थिक विकासको लागि सोच्न आवश्यक छ ।

नेका र एमालेभित्रबाट इमानदार नेताहरूको उदय हुन आवश्यक छ। पुराना नेताहरू दुवै दलबाट बाहिर जान आवश्यक छ । यस्तो भए मात्र नेपालमा आर्थिक विकासको ढोका खुल्नेछ ।

ओली, देउवा, नेपाल, दाहाल, खनाल, यादव, ठाकुर, महतो आदिले सक्रिय राजनीतिबाट सन्न्यास लिन अब ढिलो गर्नुहुँदैन। अहिले तपाईंहरूले सन्न्यास लिएमा आउने पुस्ताले तपाईंहरूको सम्मानमा तपाईंहरूकै जीवनकालमा सालिक बनाउनेछन्, आदर-सम्मान गर्नेछन्। हृदयमा राख्नेछन्। त्यस्तो गर्नुभएन भने ...

## भारतमा एप्पलको विश्वास बढ्दै उत्पादन तीन गुणाले बढ्यो

अमेरिकाको अग्रणी मोबाइल कम्पनी एप्पलले पछिल्लो एक वर्षमा भारतमा सात अर्ब डलर अर्थात् करीब ५७ हजार ३६८ करोड रुपैयाँभन्दा बढी मूल्यका



आइफोन एसेम्बल गरेको छ। यो विश्वव्यापी उत्पादनको करीब सात प्रतिशत हो।

कम्पनीले अधिकांश आइफोन चीनमा उत्पादन गर्दै आएको छ, तर अहिले कम्पनीको ध्यान विश्वको सबैभन्दा छिटो बढिरहेको स्मार्टफोन बजार भारतमा केन्द्रित छ ।

एप्पलले आफ्ना उत्पादन साझेदारहरू फक्सकन टेक्नोलोजी ग्रुप र पेगाट्रोन कर्पोरेशनमार्फत भारतमा आफ्ना आइफोनको उत्पादन तीन गुणाले बढाएको छ।

कुल उत्पादनमध्ये एप्पलले मार्च २०२३ मा समाप्त भएको आर्थिक वर्षमा भारतबाट करीब पाँच अर्ब डलर बराबरको आइफोन निर्यात गरेको छ, जुन अघिल्लो वर्षको तुलनामा झन्डै चार गुणा बढी हो ।

**चीनमाथिको निर्भरता घटाउने निर्णय**

पछिल्ला केही वर्षहरूमा एप्पलले चीनमा निर्भरता कम गर्न भारतमा सबै नयाँ र पुराना स्मार्टफोन मोडेलहरू उत्पादन गर्न थालेको छ । सन् २०२१ मा विश्वमा रहेका कुल आइफोनका मोडलमध्ये एक प्रतिशत मात्रै भारतमा उत्पादन भइरहेको थियो । यस्तो अवस्थामा विश्व उत्पादनको सात प्रतिशतको आँकडा भारतको लागि ठूलो कुरा हो ।

चीनको चुनौतीपछि एप्पलले आफ्नो सप्लाई चेन परिवर्तन गरी एउटै देशमाथिको निर्भरता घटाउने निर्णय गरेको थियो ।

**कोभिडका कारण चीनमा उत्पादन घटेको थियो**

चीनमा कोभिडका कारण उत्पन्न चुनौतीबीच आइफोनको उत्पादन प्रभावित भएको थियो । चीन र अमेरिकाबीचको तनावको असर आइफोनको सप्लाई चेनमा पनि परेको छ ।

गत वर्ष एप्पलको साझेदार फक्सकनको मुख्य आइफोन सिटी कम्प्लेक्स चीनको झेंग्झाउमा आइफोनको उत्पादनमा कमी आएका कारण कम्पनीलाई नराम्रो असर परेको थियो। र कम्पनीले उत्पादन कटौती गर्नुपऱ्यो।

**मेक इन इन्डियाको प्रभाव**

एप्पलले चीनमाथिको आफ्नो निर्भरता निरन्तर घटाउँदै आएको छ । अर्कोतर्फ भारतमा सरकारले स्थानीय उत्पादनलाई बढावा दिइरहेको छ। 'मेक इन इन्डिया' अभियानमा सामेल भएर कम्पनीले आफ्ना साझेदारहरू फक्सकन, पेगाट्रोन र विस्ट्रोनसँग मिलेर भारतमा उत्पादन बढाउँदैछ ।

**भारतमा दुईवटा एप्पल स्टोर खुल्दै, टिम कुक भारत आउने**

एप्पलले भारतमा पनि दुईवटा रिटेल स्टोर खोल्ने भएको छ । एउटा मुम्बईमा र अर्को दिल्लीमा । यी दुवै स्टोरको उद्घाटन गर्न कम्पनीका प्रमुख कार्यकारी अधिकृत टिम कुक भारतमा आउनेछन्।

एप्पलले भारतमा कम्पनीका ठूला उत्पादन एकाइहरू स्थापना गर्न र स्थानीय उत्पादन बढाउन श्रम कानूनमा परिवर्तनको माग गरेको छ। वास्तवमा फक्सकनले फोन कम्पोनेन्ट र आइफोन बनाउन दक्षिण भारतमा प्लान्ट स्थापना गर्न ४७० करोड लगानी गर्ने योजना बनाएको छ ।

**२०२५ सम्म भारतको २५ प्रतिशत हिस्सेदारी**

भारतमा करीब ६० हजार कर्मचारी भएको कम्पनीले आइफोन ११ देखि आइफोन १४ सम्मको उत्पादन गरिरहेको छ । भारतमा स्थानीय उत्पादनका कारण आइफोन मोडलको मूल्यमा पनि कमी आएको छ । सन् २०२५ सम्ममा एप्पलले आफ्नो आइफोन मोडलको एक चौथाइ भारतमा उत्पादन गर्न सक्नेछ। अर्थात् विश्वव्यापी उत्पादनमा भारतको हिस्सा २५ प्रतिशत हुनेछ ।

–प्रतीक डेस्क (एजेन्सीको सहयोगमा)

## पाँच जलविद्युत् आयोजनामा एक खर्ब ६७ अर्ब बराबरको लगानी स्वीकृत

काठमाडौं, ३० चैत/रासस

आज बसेको लगानी बोर्डको ५३औं बैठकले विभिन्न पाँचवटा जलविद्युत् आयोजनाका लागि रु एक खर्ब ६७ अर्ब बराबरको लगानी स्वीकृत गरेको छ। आज स्वीकृत भएकामध्ये रु एक खर्ब ४६ अर्ब वैदेशिक र रु २१ अर्ब स्वदेशी लगानी हो।

लगानी बोर्डको आजको बैठकले तल्लो अरूण जलविद्युत् परियोजनाको मात्रै रु ९२ अर्ब ६८ करोड लगानी स्वीकृत गरेको लगानी बोर्डको कार्यालयका प्रवक्ता अमृत लम्सालले जानकारी दिए । भारतीय कम्पनी सतलज जलविद्युत् निगमले बनाउन लागेको तल्लो अरूणमा परियोजना विकास सम्झौता (पीडीए) गर्नका लागि दस्तावेज तयार पार्न लगानी बोर्डका प्रमुख कार्यकारी अधिकृतको संयोजकत्वमा वार्ता समितिसमेत गठन गरिएको छ ।

बोर्डको आजको बैठकले एक सय दुई मेगावाट विद्युत् उत्पादन क्षमताको माथिल्लो मर्स्याङ्दी–१ परियोजनाका लागि रु ३३ अर्ब १९ करोड र ७० मेगावाट उत्पादन क्षमताको दूधकोशी–२ (जलेश्वर) जलविद्युत् परियोजनाका लागि रु २० अर्ब ३५ करोड बराबर लगानी स्वीकृत गरेको छ ।

त्यसैगरी, ७० दशमलव तीन मेगावाट उत्पादन क्षमताको सिम्बुवा खोला जलविद्युत् परियोजनाका लागि रु १३ अर्ब ४४ करोड र ४३ मेगावाट उत्पादन क्षमताको अप्पर मादीखोला जलविद्युत् आयोजनाका लागि रु सात अर्ब ९३ करोड बराबरको लगानी स्वीकृत भएको छ । आजको बैठकले रासायनिक मल कारखाना स्थापनाका सम्बन्धमा अध्ययन अनुमतिका लागि पेस भएको प्रस्तावअनुसार विकासकर्ता कम्पनीसाग गरिने समझदारीपत्रको मस्यौदालाई पनि स्वीकृत गरेको छ। त्यस्तै, ग्रिन क्याल्सियम एमोनियम नाइट्रेट मल उत्पादन गर्न अध्ययन अनुमतिपत्रका लागि मलेसियाको रेनिकोला होल्डिङ्सको प्रस्तावलाई स्वीकृत दिने निर्णयसमेत भएको छ ।

डाबर नेपालको पूजी तथा क्षमता वृद्धिका लागि गरिने समझदारीपत्रको मस्यौदा पनि आजको बैठकले स्वीकृत गरेको छ। पश्चिम सेती र सेती नदी–६ जलविद्युत् परियोजनाको विकासका लागि भारतीय कम्पनी एनएचपीसी लिमिटेडसँग भएको समझदारीपत्रका व्यवस्थाअनुसार प्रारम्भिक अध्ययन प्रतिवेदन तयार पार्न विकासकर्ता कम्पनीले गरिरहेको कामबारे पनि बोर्डले जानकारी लिएको छ। त्यस्तै, बोर्डमा तमोर जलाशययुक्त जलविद्युत् परियोजना र भेहिकल म्यानुफ्याक्चरिङ एसेम्बली प्लान्टको प्रगतिबारे पनि छलफल भएको जनाइएको छ ।

## नेप्से परिसूचक २९.०७ अङ्कले घट्यो




काठमाडौं, ३० चैत/रासस

नेपाल बैंकर्स सङ्घले ब्याजदर घटाउने निर्णय गरेसँगै बुधवार उकालो लागेको नेप्से परिसूचक बिहीवार फेरि ओरालो लागेको छ। आजको कारोबारमा नेप्से परिसूचक २९ दशमलव ०७ अङ्कले घटेर एक हजार ९३४ दशमलव ४७ अङ्कमा सीमित भएको छ ।

आजको कारोबारमा विभिन्न कम्पनीका ४९ लाख १३ हजार ७०२ कित्ता शेयर रु एक अर्ब ६५ करोड ३३ लाख ३४ हजार ६६५ दशमलव ७७ मा कारोबार भएका छन् ।

कारोबारमा भएका कम्पनीमध्ये आदर्श लघुवित्त वित्तीय संस्था, कालिञ्चोक दर्शन लिमिटेड र मोलुङ हाइड्रोपावर कम्पनी लिमिटेडका शेयर मूल्यमा सकारात्मक सर्किट लागेको छ। साथै गुमाउने शीर्ष कम्पनीमा सिद्धार्थ इन्भेस्टमेन्ट ग्रोथ स्किम, एनआरएन इन्फ्रास्ट्रक्चर एन्ड डेभलपमेन्ट लिमिटेड, धौलागिरि लघुवित्त वित्तीय संस्था, एक्सेल डेभलपमेन्ट बैंक र सिर्जनशील लघुवित्त वित्तीय संस्था छन् ।

कारोबार रकमका आधारमा शिवम् सिमेन्ट, हिमालयन डिस्टिलरी लिमिटेड, एनआइसी एशिया बैंक, नबिल बैंक र शिवश्री हाइड्रोपावर कम्पनी शीर्ष पाँचभित्र परेका छन् ।

# आत्मनिर्भर अर्थतन्त्रका लागि कृषि र पर्यटनमा जोड

अर्थ-उद्योग-वाणिज्य



शीतल महतो

shitalmahato@gmail.com

**भौगोलिक दृष्टिले सानो भएपनि प्रकृतिले नेपाल अत्यन्त धनी मुलुकमा पर्दछ। विविधतामय भूबनोट, हावापानी, भेषभूषा, रीतिरिवाज, धर्म, संस्कृति, खानपिन आदिले गर्दा हाम्रो मुलुक पर्यटकको रोजाइमा पर्ने गरेको छ। आठ हजार मिटरमाथिका विश्वका १४ वटा हिमालमध्ये आठवटा नेपालमैं रहेकाले पनि विदेशी पर्यटक नेपाल आउन लालायित हुन्छन्।**

मुलुकको अर्थतन्त्र असहज अवस्थाबाट गुज्रिरहेको अहिलेको बेलामा वर्तमान सरकारको अर्थमन्त्रीको जिम्मेवारी डा प्रकाशशरण महतले पाएका छन्। आर्थिक क्षेत्रमा विशेष चासो राख्ने नेताको रूपमा चिनिने डा महतले अर्थतन्त्र समस्यामा रहेको भन्दै सम्पूर्ण राज्य संयन्त्र लागेर सुधार गर्ने बताउँदै आएका छन्। समस्याग्रस्त अवस्थाको अर्थतन्त्रलाई सुधार गरेरै छाड्ने दाबी गर्दै आएका अर्थमन्त्री डा महतले सरकारको साधारण खर्च कटौती गर्ने, प्राथमिकीकरण गरेर मात्रै खर्च गर्ने, खर्च गर्न सक्ने क्षमता बढाउने, लगानी बढाउने र राजस्वको दायरा बढाउने विषयलाई उच्च प्राथमिकता दिने बताउँदै आएका छन्। अर्थतन्त्रलाई आन्तरिकरूपमा चलायमान बनाउनका लागि अर्थ मन्त्रालयले सक्रियता देखाउनुपर्ने आवश्यकता रहेको छ। लघुवित्त र सहकारीमा समस्या रहेकाले अर्थ मन्त्रालयले नेपाल राष्ट्र बैंकसँग समन्वय र सहकार्य गरेर यसको समाधान गर्नुपर्ने हुन्छ। यसका साथै जनतामा छाएको निराशालाई आशामा बदल्दै सकारात्मक सोचका साथ लगानी गर्न निजी क्षेत्रसँग समन्वय र सहकार्य गर्ने चुनौती पनि अर्थमन्त्री डा महतको छ।

बढ्दो गरीबी, बेरोजगारी, उच्च मुद्रास्फीति, भ्रष्टाचार, अनिश्चित विप्रेषण, गिर्दो निर्यात, बढ्दो आयात, उच्च व्यापार घाटा, कमजोर उद्योग निर्माण क्षेत्र, कृषिको न्यून उत्पादकत्व र सीमित मुलुकसँगको उच्च निर्भरताले गर्दा दैनिक उपभोग्य वस्तुमा समेत आत्मनिर्भर हुन नसक्ने अवस्था छ। घट्दो राजस्व, अपर्याप्त वैदेशिक मुद्राको सञ्चिति, बढ्दै गएको ऋणको भार, गुणात्मक शिक्षाको अभाव र शिक्षण संस्थामा अधिकतम व्यक्तिको न्यून पहुँचलगायत समग्र 'म्याक्रो-इकोनोमिक' क्षेत्र नेपालको विद्यमान नीतिहरूको समन्वय र कार्यान्वयन स्थितिको दुर्बलताले गर्दा जन्मिएका हुन्। विगत सात वर्षको अवधिमा विनियोजित पूँजीगत बजेटको तुलनामा यथार्थ खर्च वार्षिक औसत ७३ प्रतिशत रहेको छ। मूलतः परियोजनाहरू बजेटपूर्वका तयारीविना नै बजेटमा समावेश गरी, कमजोर प्राथमिकताका आधारहरू तय गरिनु र १५ जेठदेखि १ साउनसम्मको ४५ दिन परियोजना तयारीमा उपयोग नै नहुनुजस्ता कारणले सार्वजनिक खर्च प्रणालीभित्र विकृति र विसङ्गति जन्मिन गएको र यसमा राजनीतिक अस्थिरताले समेत महत्त्वपूर्ण भूमिका खेल्नुजस्ता अन्तरसम्बन्धित कारणहरूले बजेट कार्यान्वयनमा अवरोध खडा गर्दा यसका नकारात्मक असर पूँजीगत खर्चमा पर्ने गरेको पाइएको छ। त्यसैले बजेट खर्च र वित्त प्रणालीमा देखिएका समस्या समाधानका लागि आंशिक प्रयास होइन, प्रणालीगत समाधान खोज्नुपर्छ। पछिल्लो सयममा पूँजीगत खर्च वृद्धिका साथै आर्थिक वर्षको अन्तमा पूँजीगत खर्च केन्द्रित हुने अवस्थालाई अन्त्य गर्नेगरी प्रक्रिया र पथलाई थप व्यावहारिक र तुरुन्त कार्यान्वयन गर्न सकिने गरी सरल बनाउनुपर्ने अहिलेको आवश्यकता छ। यसप्रति वर्तमान सरकार र अर्थमन्त्री डा महत संवेदनशील हुनुपर्दछ।

छिमेकी मुलुक भारतमा प्रतिवर्ष १४ प्रतिशतका दरले गरीबी घटिरहेको अवस्था छ। नेपालजस्तै मुलुक बङ्गलादेशमा सन् २०१० यता निर्यात १८ अर्बबाट करीब ४० अर्ब डलर पुगेको छ। ३० वर्षअघि सय दिनको अवधिमा आन्तरिक द्वन्द्वका कारण आठ लाख मानिस गुमाएको रुवान्डाको २० वर्षयताको आर्थिक वृद्धिदर आठ प्रतिशत छ। यो अहिले अफ्रिकाको दोस्रो राम्रो व्यावसायिक वातावरण भएको मुलुक बनेको छ। नेपालसँगै एकै दिन विश्व व्यापार सङ्गठनको सदस्य भएको कम्बोडियामा प्रत्यक्ष वैदेशिक लगानी नेपालभन्दा १० गुणा बढी भित्रिने गरेको छ। यदि यी मुलुकले समृद्धि हासिल गर्न सक्छन् भने नेपालले किन सक्दैन। अहिले सबैका सामु यी प्रश्न तेर्सिएका छन्। यसका लागि सरकार, सहकारी र निजी क्षेत्र सँगसँगै मिलेर अगाडि बढ्नुको विकल्प छैन। अझै पनि आर्थिक गतिविधिहरू डेढ वर्षअघिको तुलनामा आधा घटेका छन्। उत्पादन लागत बढेको छ। औपचारिकरूपमैं निरन्तर नौ महीनादेखि आठ प्रतिशत हाराहारी रहेको मूल्य वृद्धिदरले सर्वसाधारणको क्रयशक्ति घट्दै गइरहेको छ। तरलता व्यवस्थापन एवं ब्याजदर स्थायित्वका लागि सरकार र नेपाल राष्ट्र बैंकले उपलब्ध सबै उपकरणको प्रयोग गर्नुपर्छ। यसका लागि निजी क्षेत्रले निर्बाध काम गर्न पाउने वातावरण तयार हुनुपर्दछ। कुल गार्हस्थ्य उत्पादनमा निजी क्षेत्रको योगदान ८१ प्रतिशत छ। निजी क्षेत्रले ८५ प्रतिशत श्रमशक्तिलाई रोजगार दिएको छ। उद्यमी-व्यवसायी र सर्वसाधारणको उपक्रमबाट ८५ प्रतिशत राजस्व उठ्छ। त्यसैले निजी क्षेत्रका लागि लगानीको वातावरण बनाउनुपर्दछ। उद्यमी-व्यवसायीलाई सम्मान गर्ने परिपाटीको विकास गर्नुपर्ने अहिलेको पहिलो आवश्यकता छ। नेपालको मुख्य आम्दानीका रूपमा रहेको विप्रेषणभन्दा गत वर्ष व्यापार घाटा आठ खर्ब रुपैयाँले बढी भएको थियो। यो वर्ष विप्रेषण केही बढेको र आयात प्रतिबन्ध हुँदा यो करीब छ खर्ब रुपैयाँले फरक देखिएको छ। यो खाडल पुर्नका लागि निर्यात वृद्धि गर्नुपर्ने, विदेशी लगानी जुटाउनुपर्ने र वैदेशिक सहायता प्रभावकारीरूपमा परिचालन गर्नुपर्ने देखिन्छ।

विशेषगरी कृषिलाई उद्यम नबनाइ नेपालमा औद्योगिकीकरण सम्भव छैन। वर्षको करीब ४० अर्ब बजेट रहेको कृषि क्षेत्रमा हरेक वर्ष मल र बीउको हाहाकार हुन्छ। करीब ७० प्रतिशत सिंचाइ आयोजना मौसमी खालका छन् अर्थात् ती आयोजनामा वर्षामा मात्रै पानी आउने गर्छन्। कृषिप्रधान मुलुक भनिए पनि यसको उत्पादकत्व दक्षिण एशियामैं न्यून छ। कुल आयातमा कृषिजन्य उत्पादनको हिस्सा २० प्रतिशत छ। माटो परीक्षण, बीउ, मल, सिंचाइ, अनुदान, बजार सबैमा समस्या छ। कृषिको विस्तार आयात प्रतिस्थापनसँग पनि जोडिएको छ। विगत २० वर्षयता अर्थतन्त्रमा उत्पादनमूलक क्षेत्रको योगदान १५ प्रतिशतबाट घटेर छ प्रतिशतमा झरेको छ। यसको प्रमुख कारण उत्पादनमूलक उद्योगको एउटा प्रमुख कच्चा पदार्थ कृषिजन्य उत्पादन अत्यन्त न्यून हुनु हो। नेपालमा ६० प्रतिशतभन्दा बढी मानिस कृषि क्षेत्रमा संलग्न भएकाले कृषिलाई नेपालको अर्थतन्त्रको मेरुदण्डका रूपमा लिने गरिन्छ। तर प्रविधिको तीव्र विकास भएको आजको युगमा पनि हाम्रो कृषि क्षेत्र भने परम्परागत औजार, अदक्ष जनशक्ति र परम्परागत निर्वाहमुखी कृषिमैं आधारित छ। जसले गर्दा कृषि क्षेत्रले देशको अर्थतन्त्रमा गतिलो योगदान दिन सकिरहेको छैन। नेपालमा जम्मा ३६ लाख ४१ हजार हेक्टर कृषियोग्य जमीन रहेको तथ्याङ्क छ। तीमध्ये १४ लाख ७३ हजार हेक्टर क्षेत्रफलमा मात्र सिंचाइ सुविधा पुगेको छ, जसले गर्दा आज पनि हाम्रो अधिकांश कृषि क्षेत्र आकाशे पानीमैं निर्भर छ। देशमा नदीनालाको कमी छैन। तर भएको स्रोतको अधिकतम उपयोग गरेर सिंचाइ सुविधा बनाउनेतर्फ राज्यको ध्यान गएको छैन। आधुनिक प्रविधिको प्रयोगबारे न किसान जागरूक छन्, न त सरकारले नै चासो दिएको छ। बालुवा नै बालुवा भएका अरब देश समृद्ध हुन सक्छन् र ६० वर्षअघिसम्म विश्वमैं सबैभन्दा बढी भोकमरीको सामना गरेको चीन विश्वको दोस्रो समृद्ध राष्ट्र बन्न सक्छ भने विकासका अपार सम्भावना बोकेको नेपाल किन समृद्ध बन्न सक्दैन ? युवा जनशक्तिमा कृषि पेशाप्रति विश्वास नै छैन। जसले गर्दा उनीहरू लाखौं खर्चेर खाडीमा पसिना बगाउन जान्छन्, राज्य पनि तिनलाई लखेट्न पाउँदा रमाउँछ र तिनीहरूले पठाएको विप्रेषणको आधारमा राज्य चलाउँछ, तर यहींको खेतबारीमा युवा रमाउन सक्ने वातावरण सिर्जना गर्नेतर्फ सरकार कुनै चासो दिंदैन। फलस्वरूप हजारौं हेक्टर कृषियोग्य भूमि बाँझै छन्। कुनै बेला निर्यात गरिने कृषिजन्य उत्पादनको आयात आकाशिंदो छ।

यस्तो निराशाजनक स्थितिमा पनि कृषि क्षेत्रमा राज्यको लगानी बढाएर आधुनिकीकरण गर्न सक्यौं, उन्नत बीउबिजन र प्रविधि किसानको खेतबारीसम्म पुर्‍याउन सक्यौं, समयमैं मलखाद्यको व्यवस्थापन गर्न सक्यौं, बालीनालीको बीमाको भरपर्दो व्यवस्था मिलाउन सक्यौं र युवाले यहींको माटोमा पसिना पोख्ने वातावरण निर्माण गर्न सक्यौं भने मुलुकलाई कृषि क्षेत्रबाटै समृद्धिको बाटोमा डोर्‍याउन सकिन्छ। यसका लागि स्वदेशमैं आधुनिक कृषिऔजार र रासायनिक मलको उत्पादन जरुरी छ। कृषिविज्ञ तथा प्राविधिकको सहयोगमा खेतमैं गएर माटो तथा बालीको निरीक्षण र परीक्षण गर्ने व्यवस्था, किसानलाई तालीम, मौसमी बालीको बीमा तथा कृषि उपजको उचित बजार प्रवर्द्धन गर्न र नयाँ पुस्तालाई यस क्षेत्रमा आकर्षित गर्न सक्यौं भने मुलुकमा समृद्धि ल्याउन सकिन्छ। त्यसैले मुलुकको अर्थतन्त्रलाई आत्मनिर्भर बनाउन कृषिको व्यवसायीकरण तथा आधुनिकीकरण, स्वदेशी लगानी, श्रम, सीप र कच्चा पदार्थमा आधारित उद्योगधन्दाको संरक्षण र प्रवर्द्धन, आयात प्रतिस्थापन र निर्यात प्रवर्द्धनलाई ध्यान दिनुपर्छ। यस्तै, दबाब तथा प्रभावका आधारमा आयोजना छनोट हुने परिपाटीको अन्त्य गर्नुपर्ने, आयोजनाको अनुगमन र मूल्याङ्कनलाई नतीजामुखी बनाइ अनुगमन मूल्याङ्कन गर्नुपर्ने, राष्ट्रिय उद्योगधन्दा र सामाजिक, आर्थिक रूपान्तरणमा सकारात्मक योगदान गर्ने लगानीमैत्री राजस्व नीतिको अवलम्बन, अत्यावश्यक र उच्च आर्थिक तथा सामाजिक प्रतिफल प्राप्त हुने क्षेत्रमा मात्र ऋण परिचालन, बचतलाई प्रोत्साहन गरेमा मुलुकको अर्थतन्त्रले गति लिन सक्छ। यसका साथै मुलुकमा अपार सम्भावना रहेको पर्यटन क्षेत्रको विकास तथा विस्तार गर्न सक्यौं भने यसले पनि आम नागरिकको समृद्धिको चाहनालाई साकार पार्नमा मदत गर्छ। यसको प्रत्यक्ष उदाहरण सर्लाहीको भरतताललाई लिन सकिन्छ। सम्भावना नभएको ठाउँमा पनि सर्लाहीमा वाग्मती नगरपालिकाले 'भरत ताल' निर्माण गरी त्यस स्थानलाई पर्यटकीय क्षेत्र घोषणा गर्दा त्यहाँ रोजगार सिर्जना त गर्‍यो नै, साथमा ताल निर्माण गर्दा त्यहाँको बालुवा र गिट्टी बेचेर अर्बौंको आम्दानीसमेत गरिरहेको छ। यस्ता सम्भावना भएका ठाउँ नेपालमा कति छन् कति ! त्यसको सदुपयोग र विकास गर्न सक्यौं भने एकातिर बेरोजगारी समस्या हल हुन्छ भने अर्कातिर विदेशी मुद्रा आर्जन हुन्छ।

भौगोलिक दृष्टिले सानो भएपनि प्रकृतिले नेपाल अत्यन्त धनी मुलुकमा पर्दछ। विविधतामय भूबनोट, हावापानी, भेषभूषा, रीतिरिवाज, धर्म, संस्कृति, खानपिन आदिले गर्दा हाम्रो मुलुक पर्यटकको रोजाइमा पर्ने गरेको छ। आठ हजार मिटरमाथिका विश्वका १४ वटा हिमालमध्ये आठवटा नेपालमैं रहेकाले पनि विदेशी पर्यटक नेपाल आउन लालायित हुन्छन्। यहाँका तालतलैया र नदीमा नौकाविहार तथा र्‍याफ्टिङको राम्रो व्यवस्थापनले पनि रोजगार सिर्जना गर्न सकिन्छ। त्यसैले पर्यटन क्षेत्र देशको समृद्धिको मेरुदण्ड बन्न सक्छ। अन्त्यमा कुनै दिन अरूलाई सहयोग गर्ने नेपाल आज आफैं अरूको सहारामा देशको अर्थतन्त्रलाई चलायमान बनाउन बाध्य छ। त्यसैले मुलुकमा आत्मनिर्भर अर्थतन्त्रका लागि कृषिको आधुनिकीकरण, स्वदेशी लगानी, उद्योगधन्दाको संरक्षण, आयात प्रतिस्थापन र निर्यात प्रवर्द्धनमा विशेष जोड दिनुपर्छ। यसका लागि सरकार, सहकारी र निजी क्षेत्र हातेमालो गरेर अगाडि बढ्नुको विकल्प छैन।

# विमान चार्टर गरेर चिनियाँ पर्यटक नेपालमा

काठमाडौं, ३० चैत/रासस

हिमालयन एयरलाइन्सको विमान चार्टर गरी १८० चिनियाँ पर्यटक नेपालमा भित्रिएका छन्। नेपाली नयाँ वर्षको पूर्वसन्ध्यामा नेपाल बिग माउन्टेन ट्राभलमार्फत बिहीवार बिहान चिनियाँ पर्यटकको टोली नेपाल आएको हो।



हिमालयन एयरलाइन्सको विमान चार्टर गरेर बिहीवार बिहान नेपाल भित्रिएका चिनियाँ पर्यटकसँग संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री सुदन किराँती। तस्वीरः रासस

नेपालमा आएका चिनियाँ पर्यटक टोलीलाई संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री सुदन किराँती, नेपालका लागि चिनियाँ राजदूत छेन सङ, नेपाल पर्यटन बोर्डका प्रमुख कार्यकारी अधिकृत (सिइओ) डा धनञ्जय रेग्मीलगायतले स्वागत गरेका थिए।

स्वागतपछि सञ्चारकर्मीसँग कुरा गर्दै मन्त्री किराँतीले कोरोनापछि नयाँ वर्षको पूर्वसन्ध्यामा पहिलोपटक यति ठूलो सङ्ख्यामा चिनियाँ पर्यटकलाई स्वागत गर्न पाउँदा ज्यादै खुशी लागेको बताए। "पाहुना भनेको भगवान् हुन्, हामी भगवान्को रूपमा सधैं विदेशी पाहुनाको स्वागत गर्दछौं," उनले भने।

मन्त्री किराँतीले नेपाल-चीन सम्बन्ध धेरै पुरानो भएकाले यसलाई थप मजबूत बनाउन यस्तो गतिविधिले थप सहयोग पुग्ने विश्वास व्यक्त गरे। "चीनका महामहिम राष्ट्रपति नेपाल आएको बेलामा हामीलाई एशियाको सबैभन्दा मन पर्ने देश नेपाल हो भन्नुभएको थियो, हामी चीनमार्फत थप पर्यटन प्रवर्द्धन गर्न चाहन्छौं," मन्त्री किराँतीले भने।

उनले पोखरा अन्तर्राष्ट्रिय विमानस्थल निर्माणमा चीन सरकारको ठूलो भूमिका रहेको बताउँदै पोखरा विमानस्थललाई चीनसँग हवाईमार्फत प्रत्यक्ष जोड्न चाहेको बताए। मन्त्री किराँतीले नेपालका कतिपय शहर चीनका विभिन्न शहरसँग मिल्दोजुल्दो रहेकाले चिनियाँ पर्यटकले नेपाललाई मन पराउने आशा व्यक्त गरे।

मन्त्री किराँतीले विसं २०८० को दशकलाई समृद्धि र पर्यटनको दशकका रूपमा नेपालले मनाउन चाहेको बताए।

नेपालका लागि चिनियाँ राजदूत छेन सङले कोरोना नियन्त्रणमा आएसँगै विदेश जाने पर्यटकलाई चीनले खुला गरेको बताए। "चिनियाँ पर्यटकलाई नेपालमा स्वागत गर्न पाउँदा साह्रै खुशी लागेको छ," राजदूत सङले भने। उनले चिनियाँ पर्यटक नेपालमा भित्रिएसँगै नेपालको पर्यटन प्रवर्द्धनमा सहयोग पुग्ने विश्वास व्यक्त गरे।

नेपाल पर्यटन बोर्डका प्रमुख कार्यकारी अधिकृत डा रेग्मीले सन् २०१९ देखि थला परेको नेपालको पर्यटन उद्योगमा चिनियाँ पर्यटकको आवागमनसँगै थप उत्साह जागेको बताए। नेपालले चिनियाँ र भारतीय पर्यटकलाई लक्षित गरेर पर्यटन प्रवर्द्धनमा लाग्नुपर्ने उनको भनाइ थियो।

# ठूला पूर्वाधार परियोजनामा लगानी केन्द्रित गरौं -प्रधानमन्त्री प्रचण्ड

काठमाडौं, ३० चैत/रासस

प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले ठूला पूर्वाधार परियोजनामा लगानी केन्द्रित गर्न आग्रह गरेका छन्। लगानी बोर्ड नेपालको बिहीवारको बैठकमा प्रधानमन्त्री प्रचण्डले भने, "दिगो विकासको लक्ष्यलाई समयमैं प्राप्त गरी उच्च मध्यम आयको मुलुकमा स्तरोन्नति हुन हामीलाई ठूलो लगानीको आवश्यकता छ।" उनले वैदेशिक पूँजी तथा प्रविधि भित्र्याएर स्वदेशमैं रोजगार सिर्जना गर्ने, उत्पादन र उत्पादकत्व बढाउने तथा आयात प्रतिस्थापन गरी निर्यात प्रवर्द्धन गर्नेतर्फ लगानीलाई केन्द्रित गर्नु पनि उत्तिकै आवश्यक रहेको बताए।

"तर सरकारसँग लगानीका सीमित स्रोत रहेका हुनाले स्वदेशी तथा विदेशी निजी क्षेत्रको सहभागिता अपरिहार्य छ," प्रधानमन्त्री प्रचण्डले भने। प्रधानमन्त्री प्रचण्डले नेपालमा वैदेशिक लगानीको प्रतिबद्धता र लगानी प्राप्तिमा ठूलो अन्तर रहेको बताउँदै त्यसलाई कसरी कम गर्न सकिन्छ भन्ने विषयमा सम्बद्ध सबै निकायले गम्भीरतापूर्वक ध्यान दिनुपर्ने आवश्यकता औंल्याए।

"विशेषगरी परियोजनाको लागि जग्गाप्राप्ति, स्थानीयका मागका सम्बोधन जस्ता विषयका कारण परियोजना समयमैं सम्पन्न हुन नसकी परियोजनाको लागत बढ्ने क्रम बढिरहेको हुनाले त्यस सम्बन्धमा सबै मन्त्रालय र निकायहरूले एकीकृत भएर कार्य गर्न निर्देशित गर्दछु," उनले भने। उनले ठूला पूर्वाधार



परियोजनाको विकास गर्ने, ढाँचा तय गर्ने, लगानीका स्रोत जुटाउने, परियोजनाको कार्यान्वयन, अनुगमन र सहजीकरण जस्ता विषयमा सम्बद्ध निकायको सहयोग आवश्यक पर्ने बताए।


## चिकित्सकहरूको विवरण

**शिशु तथा बालरोग**

| चिकित्सकको नाम | सम्पर्क नं. | आबद्ध स्वास्थ्य सेवा |
|---|---|---|
| १. डा. सागरमान अमात्य | ५२१७९६ | सर्वोत्तम अस्पताल |
| २. डा. अशोक दास | ५३४४०३ | आशाराम हस्पिटल, पानीटङ्की-१० |
| ३. डा. आनन्दकुमार झा | ०५१-५३०५२० | दसतल्ले भवनको गेटनजिक, बिर्ता |
| ४. डा. श्यामसुन्दर दास | | |
| ५. डा. प्रवीण सिंह | ९८११८४२९४६ | ओम शिवशक्ति पोलीक्लिनिक, बिर्ता, वीरगंज |

**नाक, कान, घाँटी तथा आँखा**

१. डा. वीरसिंह थापा ५२३२१४ निजी क्लिनिक बिर्ता
२. वीरगंज आँखा तथा दाँत अस्पताल प्रालि ०५१-५२१३९८ लिङ्करोड, घण्टाघर, वीरगंज
३. डा. अमर क्याल (किरण आँखा अस्पताल) ५२५२४४, रजतजयन्ती चोक, होटल शेखरअगाडि

**फिजिसियन**

१. डा. अरूणकुमार सिंह ९८४५११९४५५ नाउक्षेअ, निजी क्लिनिक
२. डा. राकेश तिवारी ९८११८४२९४६ ओम शिवशक्ति पोली क्लिनिक, बिर्ता, वीरगंज

**दन्त**

१. डा. सुनीलप्रताप सिंह ९८४५१८७४११ समाज डेन्टल होम
२. डा. पूनम सिंह ५२९४१५ समाज डेन्टल होम
३. डा. विजय अग्रवाल ९८०२९२१९९६ शंकरलाल केडिया दन्त अस्पताल, परवानीपुर

**हाड, जोर्नी तथा नसा विशेषज्ञ**

डा. श्यामबाबू प्रसाद एलएस न्यूरो हस्पिटल, पानीटंकी, वीरगंज ५२१५१७
डा. श्यामबाबू रौनियार ०५१-५२१९९६ साह अर्थोपेडिक क्लिनिक लाठगल्ली, वीरगंज
डा. रामाशीष ठाकुर एपोलो सेन्टर मालपोत अगाडि, बिर्ता
प्रा. (डा.) राजेन्द्रप्रसाद साह ९८०४२७१२२३ फ्रेक्चर तथा सिटी हेल्थकेयर, पानीटङ्की-१०, ब्यारेकको पूर्वपट्टि

**आयुर्वेदिक (चेकजाँच)**

डा. आर.एन. यादव ०५१-५२०६१६ पतञ्जलि आयुर्वेद, घण्टाघर दूरसञ्चारको पूर्व, वीरगंज
डा. आर.के. ठाकुर ०५१-५३४१४१ शिवम् आयुर्वेद, बसपार्क
डा. रमेश मिश्र ९८४९४१११९६ नारायणी आयुर्वेद औषधालय, बसपार्क

**फिजिसियन तथा मधुमेह विशेषज्ञ**

डा. नीरजकुमार सिंह ०५१-५२१९२१ नाउक्षे अस्पताल, वीरगंज
डा. शिवकुमार झा (न्यु त्रिलोकी क्लिनिक) मोबाइल नं. ९८१२२३८९६५

**प्रसूति तथा स्त्रीरोग विशेषज्ञ**

डा. तरन्नुम खातुन, ९८४५४१३८२६ आकाश मेडिकल, लिङ्करोड, घण्टाघर
डा. जगतप्रसाद दीप, ०५१-५३३८०८, ओम हस्पिटल प्रा.लि., वीरगंज
डा. मीता महर्जन झा, ९८५५०३५५६०, दसतल्ले भवनको गेटनजिक, बिर्ता, वीरगंज

**एम्बुलेन्स सेवा**

**बारा उद्योग वाणिज्य सङ्घ** जीतपुर ०५३-५२१९२०/९८४५६५६५४०
**गण्डक अस्पताल,** वीरगंज (**चौबीसै घण्टा**) ०५१ ४११०११/९८४३८३७६०२

माथि नाम लेखाउन चाहने चिकित्सकहरूले यस दैनिकको वार्षिक ग्राहक हुन जानकारी गराइन्छ।
सम्पर्कः बजार व्यवस्थापक जीतेन्द्र पटेल मोबाइल नं. ९८४५०४१७५८, ९८०७२९५०६०

# अन्तर्राष्ट्रिय समाचार

## भोपाल कारागारका सात हजार कैदीले लिए डिप्लोमा

भोपाल (मध्यप्रदेश), ३० चैत/एएनआई

भोपालको केन्द्रीय कारागारले शिक्षामा सबैको अधिकार सुनिश्चित हुनुपर्ने मान्यतालाई आत्मसात् गर्दै बितेको एक वर्षमा ६९०० कैदीलाई निश्शुल्क शिक्षाको व्यवस्था गरेको छ। सोही अवधिमा ५७ जना बन्दी कारागारबाटै स्नातकोत्तर तहको परीक्षामा सहभागी भएका छन्।


तस्वीरः एएनआई

भारत सरकारको 'सबैका लागि शिक्षा' अभियान अन्तर्गत केन्द्रीय कारागारले बन्दीहरूलाई अध्ययनको अवसर दिएको हो। कारगारमा रहेका ६९०० बन्दी गत वर्ष साक्षर भएका थिए। भोपाल केन्द्रीय कारागारका निरीक्षक राकेश भाङ्गेका अनुसार गत वर्ष तीन सय कैदी स्नातक, ५७ जना स्नाकोत्तर, ४६३ जना प्राथमिक शिक्षा, ९२ जना माध्यमिक र २४३ कैदी उच्च माध्यमिक शिक्षा परीक्षामा सहभागी भएका थिए। १५८ जना महिला बन्दी पनि विभिन्न तहका परीक्षामा सामेल भएका थिए। कारगारकै दशजना महिलाले कम्प्युटर शिक्षामा दक्षता हासिल गरेका छन्।

कैदीहरूलाई साक्षर बनाउन तथा उनीहरूको शिक्षाको स्तर उकास्न केन्द्र सरकारको नीति अनुसार अध्ययनको व्यवस्था मिलाइएको निरीक्षक भाङ्गे बताउँछन्। जेलमा डिप्लोमा तथा त्यसभन्दा माथिको उपाधि हासिल गरेपछि एक दिन कारागारबाट बाहिरिंदा उनीहरूको जीविकोपार्जनको माध्यम त्यही शिक्षा र सीप हुने उनी बताउँछन्।

इन्दिरा गाँधी राष्ट्रिय खुला विश्वविद्यालयका विभिन्न पाठ्यक्रममा आधारित कार्यक्रम कारागारमा सञ्चालन गरिएको जानकारी दिंदै निरीक्षक भाङ्गेले ग्रामीण विकास, खाद्य तथा पोषण, एचआइभी, पारिवारिक शिक्षा, मानविकी एवं व्यवस्थापनका स्नातक र स्नातकोत्तर कार्यक्रम सञ्चालन भइरहेका बताएका छन्।

कारगारमा रहेका ६९०० कैदीले गत वर्ष विभिन्न विधामा डिप्लोमा डिग्री हासिल गरेका बताउँदै निरीक्षक भाङ्गेले अक्षर नै नचिनेका बन्दी पहिचान गरी बिहान–बेलुका पढाइने गरेको बताए। उनका अनुसार साक्षर कैदीलाई कक्षा १० र १२ को परीक्षा उत्तीर्ण हुनेगरी सिकाइने गरेको छ। विभिन्न स्थानीय निकाय र सङ्घसंस्थासँग समन्वय गरेर रिहा भएपछि उनीहरूलाई रोजगारका अवसर प्रदान गर्ने प्रयास पनि भइरहेको उनले बताए। रासस

## कतार र बहराइनबीच कूटनीतिक सम्बन्ध स्थापनाको सहमति

दोहा, ३० चैत/एएफपी

लामो समयदेखिको कूटनीतिक विवाद अन्त्य गर्दै आपसी सम्बन्ध पुनः स्थापना गर्न कतार र बहराइन सहमत भएका छन्। दवै देशले बुधवार अबेर उक्त घोषणा गरेका हुन्।

सन् २०१७ मा साउदी अरब, संयुक्त अरब इमिरेट्स र इजिप्टसँगै बहराइनले कतारमाथि एकै साथ कूटनीतिक नाकाबन्दी लगाएका थिए। खाडी क्षेत्रका चरमपन्थी सङ्गठनहरूलाई समर्थन गरेको र इरानसँग धेरै नजीक भएको आरोप लगाउँदै ती देशले कतारमाथि नाकाबन्दी लगाएका थिए। चारै देशले कतारी विमान र जहाजलाई आफ्नो हवाई र जलक्षेत्र प्रयोगमा पनि प्रतिबन्ध लगाएका थिए।

साउदीमा रहेको खाडी सहयोग परिषद्को मुख्यालयमा भएको वार्तामा मेलमिलापसम्बन्धी सहमति भएको कतारको विदेश मन्त्रालयले जनाएको छ। कतारी विदेश मन्त्रालयले आज एक विज्ञप्ति जारी गरी संयुक्त राष्ट्र सङ्घको बडापत्रको सिद्धान्त अनुसार दुई देशबीच कूटनीतिक सम्बन्ध पुनःस्थापना गर्ने निर्णय भएको जनाएको हो।

द्विपक्षीय सम्बन्ध विकासका साथै खाडी राष्ट्रबीच एकता र एकीकरण बढाउने आपसी चाहना अनुसार दुवै देशबीच उक्त सहमति भएको कतारी विदेश मन्त्रालयको विज्ञप्तिमा उल्लेख छ। बहराइनको विदेश मन्त्रालयले पनि त्यस्तै आशयको वक्तव्य जारी गरेको छ।

एक अर्काका कट्टर प्रतिद्वन्द्वी साउदी र इरानले सम्बन्ध तोडेको सात वर्षपछि गत महीना औपचारिकरूपमा सम्बन्ध पुनः शुरू गर्न सहमति जनाएपछि कतार र बहराइनबीच मेलमिलाप भएको हो।

जनवरी २०२१ मा भएको एक मेलमिलाप सम्झौता अनुसार बहराइन बाहेक तीनवटै देशले कतारसँग सम्बन्ध नवीकरण गरिसकेका छन्। यद्यपि संयुक्त अरब इमिरेट्स र कतारले एक अर्काका राजधानीमा आफ्ना राजदूतावास खोलेका छैनन्। रासस

## म्यान्मा सैनिक हवाई हमलाः १३३ जना मारिए

नेपिड, ३० चैत/एएनआई

म्यान्माको सेनाले देशको दोस्रो ठूलो शहर मण्डले नजीकको मध्य सागिङ क्षेत्रमा अवस्थित कानबालु गाउँमा मङ्गलवार गरेको हवाई हमलामा महिला र बालबालिकासहित १३३ जनाको मृत्यु भएको छ।

आक्रमणमा २० जना बालबालिकाले ज्यान गुमाएका तथा ५० जनाभन्दा बढी घाइते भएका अपदस्थ राष्ट्रिय एकता सरकारका मानव अधिकारमन्त्री आङ म्यो मिनलाई उद्धृत गर्दै अमेरिकी प्रसारण संस्था केबल न्युज नेटवर्क (सिएनएन) ले जनाएको छ।

दुई वर्ष अघि सैन्य शक्तिबाट देशको शासन सत्ता कब्जा गरेको सेनाले पहिलोपटक यति घातक एवं भीषण आक्रमण गरेको हो। अहिले आक्रमणस्थलको आकाश वरपर सैनिक विमान उडिरहेका भए पनि हमला भने गरिएको छैन तर चिकित्साकर्मीलाई उक्त स्थलमा जान दिइएको छैन।


तस्वीरः एएफपी

संयुक्त राष्ट्रसङ्घका मानवाधिकार उच्चायुक्त भोल्कर टर्कले कैयौं स्कूले बालबालिकाले ज्यान गुमाएको घातक हवाई हमलाबाट आफू आहत भएको बताउँदै दोषीहरूलाई कारबाहीको दायरामा ल्याउन आह्वान गरेका छन्।

सैनिक सरकारको विरोधमा उत्रिएकाहरूसँग हातहतियारसमेत भएकाले उनीहरूका साथै नागरिकलाई पनि लक्ष्य गरेर सेनाले हवाई आक्रमणको रणनीति व्यापक बनाएको थियो। आन्दोलन दबाउन सेनाले अन्धाधुन्ध आक्रमण गर्दै आएको छ।

सन् १९४८ मा बेलायतबाट स्वतन्त्र भएको तत्कालीन बर्माको सैनिकले सोही समयदेखि क्षेत्रीय नियन्त्रणका लागि सशस्त्र जातीय समूहविरुद्ध कारबाही जारी राखेको छ। निर्मम आक्रमणका लागि परिचित म्यान्माली सैनिकको छवि इतिहासदेखि नै धुमिल छ।

यसैबीच दक्षिणपूर्वी एशियाली राष्ट्रहरूको सङ्गठन (आसियान)ले कानबालुमा भएको हवाई हमलाको निन्दा गरेको छ। आसियानको वर्तमान अध्यक्ष इन्डोनेशियाले आज एक विज्ञप्ति निकालेर उक्त आक्रमणको निन्दा गरेको हो। आसियानले नागरिकमाथि बल प्रयोग गर्ने र सबै प्रकारका हिंसा तत्काल बन्द हुनुपर्ने कुरामा जोड दिएको छ। रासस

### आजको राशिफल

| राशि | फल | राशि | फल |
|---|---|---|---|
| मेष | सफलता | वृष | राज्यलाभ |
| मिथुन | वादविवाद | कर्कट | चोरभय |
| सिंह | शत्रुभय | कन्या | कार्यनाश |
| तुला | उदरपीडा | वृश्चिक | विजय |
| धनु | धनखति | मकर | सुयश |
| कुम्भ | बेचैनी | मीन | मनोरञ्जन |

ज्योतिषी पं. छविरमण सुवेदी, सि.सं.मा.वि.कलैया


रानीघाट–पोखरिया बस समिति

भिस्वा– बिहान ७:४० बजे
भिस्वा– बिहान १०:०० बजे
भिस्वा– मध्याह्न १२:०० बजे
भिस्वा– दिउँसो १:३० बजे
दसौता– दिउँसो २:३० बजे
सेढवा– दिउँसो ३ बजे
देउरिया– दिउँसो ३:१५ बजे
भिस्वा– दिउँसोः ३:४० बजे


# वार्षिक राशिफल-२०८०




**मेषः** मेष राशिका जातकको यो वर्ष सामान्य रहेको छ। स्वास्थ्य उपचारमा धन खर्च हुने, मानसिक, शारीरिक समस्या आउने देखिन्छ। आर्थिक अवस्थामा सुधार हुनेछ। आर्थिक लेनदेनमा सतर्कता आवश्यक छ। सरकारी कर्मचारीमा व्यस्तता बढ्ने, मानसम्मान बढ्ने योग छ। यस वर्ष चण्डाल योग परेको हुँदा अपमान, अपजस र झूटा आरोप लाग्न सक्छ, सतर्कता आवश्यक छ। पठनपाठन र शिक्षा क्षेत्रमा सफलता मिल्नेछ। घरमा माङ्गलिक कार्य हुने ग्रहयोग छ। आर्थिक दृष्टिले असार, असोज, माघ र फागुन महिना लाभदायक रहेका छन्। यो वर्ष बिहीवारको व्रत र 'ॐ बृं वृहस्पतये नमः' मन्त्र जप गर्नुभएमा शुभफल प्राप्त हुनेछ।

**वृषः** मध्यम फलदायी समय रहेको छ। वृहस्पति, राहु, केतु प्रतिकूल रहेकोले हानि, दुःखकष्ट बढ्ने, शारीरिक समस्या, शत्रुवृद्धिको योग रहेको छ। साझेदारीको काममा सफलता मिल्नेछ। घर, वाहन र भूमिप्राप्तिको योग छ। आफन्तसँग झैंझगडा हुन सक्छ। दाम्पत्य जीवन सुखद् रहने छ। वर्षको उत्तरार्धमा आर्थिक प्रगति, नोकरीमा पदोन्नति, सामाजिक प्रतिष्ठा बढ्ने देखिन्छ। आमाको स्वास्थ्य उपचारमा धन खर्च हुने, अदालती मुद्दा मामिलामा सफलता मिल्ने ग्रहयोग रहेको छ। आर्थिक दृष्टिले श्रावण, कार्तिक, फागुन र चैत महीना शुभ रहेका छन्।

**मिथुनः** यो वर्ष मध्यम फलदायी रहेको छ। वृहस्पति र शनि ग्रहको शुभ प्रभावले सन्तान सुख, शिक्षामा प्रगति, घरमा मांगलिक काम हुने ग्रहयोग परेको छ। प्रशस्त आम्दानी हुने, आम्दानीका नयाँ स्रोतहरू फेला पर्ने देखिन्छ। घर, वाहन र भूमि प्राप्तिको योग छ। तीर्थ यात्राको अवसर मिल्नेछ, अधुरा काम र योजना यस वर्ष सम्पन्न हुने देखिन्छ। वादविवाद हुन सक्ने भएकोले सतर्कता आवश्यक छ। छोराछोरीको शिक्षा र स्वास्थ्यमा धन खर्च हुनेछ। आर्थिक दृष्टिले वैशाख, भदौ, मङ्सिर र चैत महिना शुभ रहेका छन्। राहु ग्रह प्रतिकूल रहेकाले राहु शान्ति उपाय गर्दा काममा सफलता मिल्नेछ।

**कर्कटः** यो वर्ष सामान्य रहनेछ। अढैया शनिदेवले गर्दा मानसिक अशान्ति, शत्रुबाधा, काममा अवरोध, विलम्ब हुन सक्छ। अष्टम स्थानमा रहेको शनि अढैया दशाले आफन्तसँग विवाद, न्यायालय क्षेत्रमा असफलता, आर्थिक लेनदेनमा विवाद र मानसिक चिन्ता बढ्न सक्छ। कर्मचारीको सरुवा वा पदोन्नति हुने योग छ। स्थान परिवर्तन, पेशा परिवर्तन हुने पनि देखिन्छ। साथीभाइको सहयोग, समर्थन चाहिं प्राप्त हुनेछ। शारीरिक समस्या पनि आउन सक्छ। यसर्थ शनि शान्तिका लागि हनुमान चालिसा पाठ, 'ॐ शं शनैश्चराय नमः' मन्त्र जप, पीपलमा जल अर्पण र देवी दर्शन गर्नुभएमा अशुभ फलमा कमी आइ काममा सफलता मिल्नेछ। आर्थिक दृष्टिले वैशाख, जेठ, असोज र पुस महिनामा विशेष आर्थिक लाभ हुने देखिन्छ।

**सिंहः** यो वर्ष फलदायी रहेकोछ। शारीरिक समस्या हटेर जानेछ। सामाजिक सेवाको काममा रूचि बढ्नेछ। महत्त्वपूर्ण काममा सफलता मिल्नेछ। मातापिताको स्वास्थ्य उपचारमा धन खर्च हुन सक्छ। आर्थिक अवस्था सबल रहनेछ। कुनै पनि महत्त्वपूर्ण काममा निर्णय लिंदा आफूभन्दा ठूलो सल्लाह, सुझाव आवश्यक छ। आफ्नै रिसले प्रेममा मनमुटाव हुनसक्छ। दाम्पत्य जीवन सुमधुर रहनेछ। शेयर बजारमा मन्दी आउनेछ। नोकरीमा पदोन्नति हुने देखिन्छ। आर्थिक दृष्टिले जेठ, असार, असोज र पुस महिना शुभ रहेका छन्।

**कन्याः** मध्यम फलदायी वर्ष रहेको छ। यस वर्षको असोजसम्मको समय त्यति राम्रो छैन। यस अवधिमा बन्नै लागेको काममा अवरोध आउनेछ। अनावश्यक झैंझगडा हुनसक्छ। व्यापार–व्यवसायमा समस्या आउनेछ। असोजदेखि मित्र सहयोग, सन्तान सुख प्राप्त हुनेछ। पत्नीको स्वास्थ्य उपचारमा धन खर्च हुने देखिन्छ। आर्थिक क्षेत्रमा सुधार आउनेछ। आकस्मिक धन लाभ हुने योग छ। घर, वाहन र भूमि खरीद बिक्री हुनेछ। कडा परिश्रमपश्चात् शिक्षामा सफलता मिल्नेछ। दाम्पत्य जीवनमा मतभेद देखा पर्ला। आर्थिक दृष्टिले असार, साउन, मङ्सिर र फागुन महिना शुभ रहेका छन्।

**तुलाः** यो वर्ष फलदायी रहनेछ। रोकिएका अधुरा काममा सफलता मिल्ने ग्रहयोग रहेको छ। समाजमा मान सम्मान बढ्ने, सामाजिक कार्यमा सफलता मिल्नेछ। शत्रु वृद्धि हुने, स्वास्थ्य समस्या देखापर्ने हुँदा सतर्कता आवश्यक छ। रिसमा नियन्त्रण जरूरी छ। यो वर्ष नयाँ कामको थालनी हुने सम्भावना पनि देखिन्छ। कृषि क्षेत्रमा संलग्न व्यक्तिहरूको विशेष उन्नति हुनेछ। कर्मचारी वर्गको पदोन्नति हुने ग्रहयोग आएको छ। शिक्षामा प्रगति प्रतिस्पर्धात्मक परीक्षामा सफलता मिल्नेछ। दाम्पत्य जीवनमा असमझदारी, निराशा बढ्न सक्छ। आर्थिक दृष्टिले श्रावण, भाद्र, पुस र चैत महिना शुभ रहेका छन्।

**वृश्चिकः** यो वर्ष सामान्य रहनेछ। शनिको अढैयाले मनमा अशान्ति, घरेलु समस्या, वाहन कष्ट र भूमि सम्बन्धी विवाद हुने देखिन्छ। व्यापार–व्यवसायमा सामान्य लाभ हुने योग छ। सामान्य दुर्घटनामा चोटपटक लाग्न सक्छ। दाम्पत्य जीवनमा सुमधुरता, प्रेममा सफलता मिल्नेछ। कडा परिश्रमबाट काममा सफलता मिल्नेछ। आम्दानीमा केही कमी हुन सक्छ। यसर्थ शनि अढैया शान्तिका लागि सुन्दरकाण्डको पाठ, शनिदेवको जप, देवी दर्शन, काग, कुकुरलाई दाना, खाना दिनु भएमा काममा सफलता, मनमा शान्ति मिल्नेछ।

**धनुः** यो वर्ष फलदायी नै रहनेछ। व्यापार, व्यवसाय र सामाजिक कार्यमा रूचि बढ्नेछ। व्यापारिक क्षेत्रमा मन्दी देखा पर्ने योग छ। अध्ययन–अध्यापन क्षेत्रमा सफलता मिल्ने योग छ। धार्मिक कार्यमा रूचि बढ्ने र धार्मिक यात्रासमेत ग्रहयोग रहेको छ। घरमा विवाह, व्रतवन्ध वा कुनै मांगलिक कार्य हुने देखिन्छ। मातापितालाई तीर्थयात्रा गर्ने अवसर मिल्नेछ। शारीरिक समस्या चाहिं आउन सक्छ। आर्थिक लेनदेनमा विशेष सतर्कता आवश्यक छ। नवीन कामको सुरूआत हुनेछ। आर्थिक दृष्टिले जेठ, असोज, कार्तिक र फागुन महिना शुभ रहेको छ।

**मकरः** यो वर्ष सामान्य रहनेछ। अन्त्य साढे शाति शनि दशाको प्रभावले सवारी दुर्घटना, अनावश्यक झैंझगडाले मन अशान्त हुनेछ। वर्षको पूर्वाधमा कडा परिश्रमबाट काममा सफलता मिल्नेछ। बन्नै लागेको काम नबन्न सक्छ। घर, वाहन र भूमि खरीद बिक्रीमा घाटा हुने योग छ। सञ्चित धन खर्च हुने, धन हराउने वा चोरिने सम्भावना पनि छ। व्यापार–व्यवसायमा लाभ–प्रगति हुने देखिन्छ। दाम्पत्य जीवनमा मनमुटाव हुन सक्छ। यसर्थ शनि शन्तिका लागि हनुमान चालिसा पाठ र 'ॐ शं शनैश्चराय नमः' मन्त्र जप गर्नुभएमा काममा सफलता मिल्नेछ। आर्थिक दृष्टिले असार, कार्तिक, मङ्सिर र चैत महिना शुभ रहेका छन्।

**कुम्भः** यो वर्ष मध्यम फलदायी रहनेछ। शनिको मध्य साढे शाति दशाको प्रभावले स्वास्थ्य समस्या, पेटको रोग, वायुविकार जस्ता समस्याले सताउने छ। आर्थिक क्षेत्रमा गरेको प्रयासमा सफलता मिल्नेछ। आर्थिक कारोबारमा सतर्कता आवश्यक, उधारो धन पाउने योग छ। दाम्पत्य जीवनमा सुमधुरता, नोकरीमा पदोन्नति हुनेछ। जग्गा जमिनको काममा घाटा लाग्न सक्छ। सुनचाँदीको व्यवसायमा सुधार, लाभ हुने वर्ष देखिन्छ। सन्तानको पढाइ–लेखाइमा प्रगति, सन्तानबाट सुख मिल्नेछ। आर्थिक दृष्टिले वैशाख, साउन, मङ्सिर र पुस महीना शुभ रहेका छन्। शनि शान्तिका लागि शनि चालिसा पाठ, शनि जप र पीपलपूजा गर्नुभएमा काममा सफलता मिल्नेछ।

**मीनः** यो वर्ष सामान्य फलदायी रहनेछ। आद्य शनिको साढे शाति दशाले व्यापार–व्यवसायमा मन्दी आउनेछ, मानसिक बेचैनी, व्यर्थभ्रमण, आकस्मिक धन खर्च हुने देखिन्छ। चोटपटकको सम्भावना भएकोले गाडी चढ्दा, चलाउँदा विशेष सतर्कता आवश्यकता छ। पेशा र स्थान परिवर्तन हुनसक्छ। पारिवारिक असमझदारी बढ्नेछ। नोकरीमा मानसिक दबाव पर्नेछ। कार्यक्षेत्रमा असहयोग, विवाद हुनसक्छ। अदालती काममा सफलता मिल्नेछ। मातापितामा शारीरिक कष्ट हुने देखिन्छ। कडा शारीरिक परिश्रमबाट पढाइमा सफलता मिल्नेछ। घर वाहन र भूमि खरीद बिक्री हुनेछ। आर्थिक दृष्टिले जेठ, भदौ, पुस र माघ महिना विशेष फलदायी रहेका छन्। शनि शान्तिका लागि शनिदेवको जप, हनुमान चालिसा र शनि चालिसाको पाठ, पीपलपूजा एवं कमिला, कुकुर र कागलाई खाना, दाना दिंदा अशुभ फलमा कमी आउनेछ।


यहाँ स्तरीय छपाईसम्बन्धी सम्पूर्ण कार्य गरिन्छ।

बिल, बूक, खाता | क्यालेण्डर, ब्रोसर, पोस्टर | विवाह कार्ड, लेटरप्याड
पुस्तक, डायरी | भिजिटिङ कार्ड | फ्लेक्स, ब्यानर

प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति सिनेमा हल रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५९२२, ५२३१०५
email: prateekdaily@gmail.com, Website: eprateekdaily.com



शङ्कराचार्य प्रवेशद्वारमा रङ्गरोगन कार्यसँगै घण्टाघरको जीर्णोद्धार कार्य भइरहेको दृश्यसँगै झिलीमिली पारिएको वीरगंजको मेनरोड । तस्वीर: नितेश कर्ण

# डढेलोका कारण वायु प्रदूषण बढ्दो

काठमाडौं, ३० चैत/रासस

पछिल्लो केही दिनयतादेखि डढेलोका कारण काठमाडौं उपत्यकासहित देशका धेरै ठाउँमा वायु प्रदूषण उच्च हुन थालेको छ । डढेलोका कारण उपत्यकाको वायुमण्डलमा दूषित हावा थुप्रिएको वन तथा वातावरण विभागले जनाएको छ ।



घोराही ५ धारापानीको जङ्गलमा लागेको डढेलो । तस्वीरः रासस

पश्चिमी क्षेत्रबाट प्रदूषित हावा उपत्यका आउँदा यहाँको मौसम खासै खुल्न सकेको छैन। विभागका महानिर्देशक शिवलाल तिवारीले जारी गरेको प्रेस विज्ञप्तिमा बारा, पर्सा, चितवनलगायत देशभरका १४० स्थानमा लागेको डढेलोका कारण काठमाडौं उपत्यकासहित देशका मध्य तथा पूर्वी भागमा वायुको प्रदूषण अत्यधिक बढेको पाइएको छ। प्रदूषण बिहान र बेलुकी अत्यधिक बढेको छ ।

विज्ञप्तिमा वायु प्रदूषणाले बालबालिका, ज्येष्ठ नागरिक, श्वासप्रश्वासका बिरामी र मुटुका बिरामीलाई असर गर्ने भएकाले काम नपरेसम्म घरबाट बाहिर ननिस्कन, निस्कनै परे मास्क तथा चश्मा लगाउन र सावधानी अपनाउन आग्रह गरिएको छ।

अहिले बुटवल, ललितपुरको पाटन, भक्तपुर, मध्यपुर थिमि, काठमाडौंको रत्नपार्क, कीर्तिपुर र हेटौंडाको हावा निकै अस्वस्थकर रहेको मौसमविद्हरूले जनाएका छन् । वायुको गुणस्तर एयर क्वालिटी इन्डेक्स (एक्युआई)का अनुसार यी क्षेत्रमा वायुको गुणस्तरले जोखिमीको तह नाघेको छ । शून्यदेखि ५० सम्मको मापनलाई सामान्य अवस्था मानिन्छ तर बुटवलमा २९२, पाटनमा २३२, भक्तपुरमा २२२, कीर्तिपुरमा १९१, मध्यपुर थिमीमा १८७, रत्नपार्कमा १८६ र हेटौंडामा १७४ छ। वायुको गुणस्तरको मात्रा १५१ देखि दुई सयसम्म पुगे मानव स्वास्थ्यका लागि हानिकारक मानिन्छ । यो मात्रा १०१ देखि १५० सम्म पुगे ज्येष्ठ नागरिक र बालबालिकालाई खोकी लाग्ने र श्वास फेर्न गाह्रो हुने बताइएको छ।

यसैगरी, डढेलो अझै लागिरहे प्रदूषण अझै बढ्ने भएकाले डढेलो नियन्त्रणका लागि ध्यान दिन उक्त विभागले सबैमा आग्रह पनि गरेको छ।

# सनातन समाजद्वारा शुभकामना आदानप्रदान तथा सम्मान कार्यक्रम

प्रस, वीरगंज, ३० चैत/

सनातन संस्कृति समाज नेपाल, वीरगंजले बिहीवार नयाँ वर्ष २०८० को शुभकामना आदानप्रदान तथा सम्मान कार्यक्रम सम्पन्न गरेको छ।

वीरगंज महानगरपालिका-१२ रानीघाटमा आयोजित कार्यक्रममा पुरानो वर्षलाई बिदाई गर्दै नयाँ वर्ष २०८० लाई स्वागत गर्दै शुभकामना आदानप्रदान तथा पत्रकार र व्यवसायीलाई सम्मानित गरिएको थियो ।

कार्यक्रमका प्रमुख अतिथि सनातन संस्कृति समाज नेपालका उपाध्यक्ष शम्भुप्रसाद चौरसिया र कार्यक्रम संयोजक राजेश गुप्ताले संयुक्तरूपमा राष्ट्रनिर्माता पृथ्वीनारायण शाहको तस्बिरमा फूलमाला, अबिर लगाई उद्घाटन गरेका थिए । सो अवसरमा प्रमुख अतिथि चौरसिया र संयोजक गुप्ताले २०७९ साल जसरी बित्यो, त्यसलाइ बिदाइ गर्दै नयाँ



वर्ष २०८० साल सबैजनाका लागि सुखमय होस् भनी शुभकामना व्यक्त गरे ।

कार्यक्रममा सनातन सांस्कृतिक समाज नेपालका सहमहामन्त्री अजय पौडेल, केन्द्रीय सदस्य विश्वनाथसाह तेली, नेपाल राष्ट्रवादी समूहका अध्यक्ष वीरेन्द्र थापालगायतले शुभकामना मन्तव्य व्यक्त गरेका थिए ।

कार्यक्रममा पत्रकार शङ्कर खतिवडा, कल्याणबहादुर हाडा, शेषमन पण्डित, ध्रुव साह, तुलसी भण्डारी, युवराज खड्का, पवनप्रसाद साह, राहुल गुप्ता, किरण सत्याल, चन्द्रशेखर प्रजापति, व्यवसायीहरू नरेशकुमार साह, धीरज सिंह, रामबाबू साह, सन्तोषकुमार कलवार र नेपाल राष्ट्रवादी समूहका अध्यक्ष वीरेन्द्र थापालाई प्रमुख अतिथि चौरसियाले दोसल्ला ओढाएर प्रमाणपत्र प्रदान गरी सम्मानित गरेका थिए । कार्यक्रमको सहजीकरण शम्भु घिमिरेले गरेका थिए ।

# घरेलुको आयोजनामा बहुदरमाईमा अन्तर्क्रिया

प्रस, पर्सागढी, ३० चैत/

घरेलु तथा साना उद्योग कार्यालय, वीरगंजको आयोजनामा बहुदरमाई नगरपालिका-३ वडा कार्यालयमा औद्योगिक लगानी पूर्वाधार समृद्धि बलियो आधार नाराका साथ बजार विस्तार तथा अन्तर्क्रिया कार्यक्रम सम्पन्न भएको छ।

कार्यक्रममा घरेलु तथा साना उद्योग कार्यालयका प्रमुख धनञ्जयकुमार सिंहले कुनै पनि व्यापार-व्यवसाय नियम ऐन अनुसार सञ्चालन गरियो भने फाइदा हुने बताए । उनले सरकारले विभिन्न खाले सीपका लागि तालीम आयोजना गर्दै आएको र तालीमप्राप्त व्यक्तिले सोही अनुसारको सीप गर्दा फाइदा पुग्ने बताए। उनले सरकारले सीप अनुसारको



तस्वीर: प्रतीक

रोजगारमा लागेकाहरूलाई अनुदान सहयोग दिँदै आएको र त्यसको सदुपयोग गर्दा व्यापार-व्यवसाय फस्टचाउन मदत पुग्ने बताए । वडाध्यक्ष दिनेशप्रसाद यादवको अध्यक्षतामा कार्यक्रम भएको थियो ।

# आप्रवासी श्रमिकको मानव अधिकार संरक्षणमा आयोगको सिफारिश

काठमाडौं, ३० चैत/रासस

राष्ट्रिय मानव अधिकार आयोगले आप्रवासी श्रमिकको मानव अधिकार संरक्षण सम्बन्धमा सरकारलाई सिफारिश गरेको छ ।


आप्रवासी नेपाली श्रमिकहरूको मानव अधिकार संरक्षणका लागि गन्तव्य मुलुकका राष्ट्रिय मानव अधिकार संस्थासँग द्विपक्षीय समझदारी भई उजूरी प्रेषणजस्ता कार्य हुँदै आएका छन् । वैदेशिक रोजगारलाई सुरक्षित र मर्यादित बनाउने सन्दर्भमा आयोगले विसं २०७५ मा १६ बुँदे र विसं २०७७ मा कोभिड-१९ को सन्दर्भमा नौवटा क्षेत्रमा सिफारिश गरेको थियो । हालै प्रकाशन गरिएको प्रतिवेदनका आधारमा नेपाल सरकारलाई कुल ५८ बुँदामा सिफारिश गरिएको छ।

सिफारिशमा आप्रवासी श्रमिकको भर्ना प्रक्रियालाई संस्थागत गरी जिम्मेवार बनाउने सम्बन्धमा सात बुँदे गन्तव्य मुलुक र स्वदेशमा आप्रवासी श्रमिकको न्यायमा पहुँच बढाउने सम्बन्धमा तीन बुँदे, द्रुत उद्धार, सम्मानजनक फिर्ती र दिगो पुनः एकीकरण सुनिश्चित गर्ने सम्बन्धमा नौ बुँदे सिफारिश गरेको छ।

महिला आप्रवासी श्रमिकको जोखिम न्यूनीकरण गर्ने सम्बन्धमा छ बुँदे, आप्रवासी श्रमिकका सन्तानलाई बाल अधिकार ऐन, वैदेशिक रोजगार नीति र विकासका सवालमा समावेश गर्ने सम्बन्धमा दुई बुँदे, आप्रवासी श्रमिक र तिनका परिवारका सदस्यको बाँच्न पाउने अधिकार र स्वास्थ्यको अधिकार सुनिश्चित गर्ने सम्बन्धमा सात बुँदे, सूचना, नियमित तथ्याङ्क सङ्कलन र आप्रवासन सुशासन सुनिश्चित गर्ने सम्बन्धमा १४ बुँदे र सामान्य सिफरिशमा १० बुँदे सिफारिश रहेको छ।

आयोगले विगत तीन वर्ष (आव २०७६/७७, २०७७/७८ र २०७८/७९) को अवधिका सूचना, जानकारी, तथ्यात्त एवं अध्ययन, अनुगमन र अनुसन्धानका आधारमा "आप्रवासी नेपाली श्रमिकको मानव अधिकार अवस्था प्रतिवेदन, २०७९" प्रकाशन गरेको थियो । उक्त प्रतिवेदनमा उल्लिखित सिफारिश कार्यान्वयनका लागि आयोगले प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयलाई पत्राचार गरेको आयोगका प्रवक्ता डा टीकाराम पोखरेलले जानकारी दिए।

Make your stay with us is a
memorable experience



Lords Plaza Birgunj is a world class hotel built to treat all types of travelers. This beautiful hotel is equipped with contemporary Rooms and Suites, Business Center, Four Conference Rooms, Three Food and Beverage outlets - Bar, Multi Cuisine Restaurant & Roof Top Dining, Spa, Gym, Pool and Casino.

Diyalo Lords PLAZA
Exhilarating Hospitality
Birgunj
Call - 51525252, 98028 19788, 98028 19787
Aadarsh Nagar, Birgunj, Nepal, www.lordshotels.com,

# जिपिएस जडित गिद्धको उद्धार

प्रस, वीरगंज, ३० चैत/

वीरगंज महानगरपालिका-१ र २५ को साँधमा पर्ने श्रीसिया नदीको किनारमा बिहीवार स्थानीयले अस्वस्थ अवस्थामा गिद्ध फेला पारेर प्रहरीको जिम्मा लगाएका छन् ।

नदीछेउको बाँसबारीमा अस्वस्थ अवस्थामा गिद्ध फेला परेको र सो गिद्धको दुवै खुट्टामा जेटुको स्टीकरसहित जिपिस जडित क्यामरा बाँधिएको स्थानीयले बताए ।

गिद्धको खुट्टामा जिपिस जडित क्यामराका साथै अन्य भागमा फरक किसिमका सामानहरू देखेर प्रहरीलाई बुझाएको स्थानीयले बताए ।

प्रहरी प्रवक्ता प्रहरी नायब उपरीक्षक दीपक गिरीले गिद्धको संरक्षणका लागि डिभिजन वन कार्यालय, पर्साको जिम्मा लगाएको बताए।



सचेत नागरिकको पुण्य काम,
मृत्युपछि अङ्गदान

- मानिस जीवित हुँदा आफैंले र मृत्युपछि आफन्तले अङ्गदान गर्न सक्छन् ।
- मृत शरीरको दुईवटा मिर्गौला, दुईवटा फोक्सो, मुटु, कलेजो, प्याङक्रियाज र सानो आन्द्रासमेतको अङ्गदान गरी आठजनासम्मको ज्यान बचाउन सकिन्छ ।
- मस्तिष्क मृत्यु (Brain Death) भएका व्यक्तिको पनि अङ्ग लिन मिल्छ ।

नेपाल सरकार
विज्ञापन बोर्ड

# शास्त्रले निषेध गरेका कर्म नगर्न अनुरोध

काठमाडौं, ३० चैत/रासस

नेपाल पञ्चाङ्ग निर्णायक विकास समितिले गुरु अस्तका बेला शास्त्रले निषेध गरेका कामना राखेर गरिने शुभ कर्म नगर्न आह्वान गरेको छ ।

समितिले बिहीवार विज्ञप्ति प्रकाशित गरी यही चैत १७ गते शुक्रवारदेखि गुरु अस्त भई आगामी विसं २०८० वैशाख १५ गते शुक्रवार गुरुको उदय हुने भएकाले यस अवधिमा कामना राखेर गरिने शुभ कर्म नगर्न अनुरोध गरेको हो ।

गुरु अस्त भएका दिनमा गुरुको अस्त दोष र वैशाख १६ देखि १८ गतेसम्म गुरुको बाल्य दोष रहने समितिका कार्यकारी निर्देशक सूर्यप्रसाद ढुङ्गेलले जारी गरेको विज्ञप्तिमा उल्लेख छ ।

अस्त समयमा गुरु शुक्र सूर्यको समीपमा रहने भएकाले यज्ञका फलदाता देवगुरुको र शुक्रको कुनै पनि सकारात्मक प्रभाव पर्दैन भन्ने नै शास्त्रको मनसाय भएको समितिले जनाएको छ । शास्त्र अनुसार फलको आशाले गरिने धार्मिक कृत्यहरू शास्त्रले निषेध गरेको समयमा गर्न मिल्दैन। यसो गरेमा जुन कामनाले गरिन्छ, त्यो फल नपाइने समितिको भनाइ छ।

हाल देशमा यस्तो वर्जित समयमा सप्ताह, नवाह र ठूलाठूला यज्ञहरू भइरहेका छन् र हुन लागेका छन् भन्ने सुन्नमा आएका छन् ।

यस्ता क्रियाकलाप बन्द गरिनुपर्छ भनी देशमा चारैतिरबाट जनगुनासासमेत समितिमा आएकाले यस विषयमा ध्यानाकर्षण भएको विज्ञप्तिमा उल्लेख गरिएको छ ।